# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।


प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
[illegible]@gmail.com

वर्ष ११ | अंक ३३१ | काठमाडौं | बिहीबार, १४ चैत २०८१ | Prabhab National Daily | Thursday, March 27, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


कुलमान बर्खास्तगी प्रकरण

# संघीय संसद्का दुवै सदनमा विपक्षीको अवरोध

## पुनर्बहाली माग्दै सर्वोच्च पुगे कुलमान





संसद्मा स्पष्टीकरण दिनुपर्ने भन्दै छन् । के को स्पष्टीकरण ? एउटालाई हटाइसके, अर्कोलाई नियुक्त गरिसकें । सिद्धियो ।

■ **केपी शर्मा ओली**
प्रधानमन्त्री

हामी चाहन्छौं सरकारले निर्णय फिर्ता लिइयोस् र यसबारे प्रधानमन्त्रीले संसद्लाई जवाफ दिनुपर्छ । जवाफ नदिउञ्जेलसम्म संसद् चल्न दिदैनौं ।

■ **शक्तिबहादुर बस्नेत**
सांसद, माओवादी केन्द्र

- आफूलाई गैरकानुनीरूपमा हटाइएको कुलमानको दाबी, रिट दर्ता हुन बाँकी
- सरकारको निर्णयविरूद्ध सडकमा प्रदर्शन जारी
- संसद्मा प्रधानमन्त्रीले जवाफ नदिएसम्म माग अवरोध जारी राख्ने विपक्षी दलहरूको अडान
- संसद्मा जवाफ दिन आवश्यक नरहेको प्रधानमन्त्री ओलीको भनाइ

■ **जेबी योञ्जन**

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट सरकारले हटाएका कुलमान घिसिङ पुनर्वहालीको मागसहित सर्वोच्च अदालतमा पुगेका छन् । चार महिनाभन्दा बढी कार्यअवधि बाँकी छँदा सरकारले गैरकानुनीरूपमा हटाएको उनको दाबी छ ।

नेपाल विद्युत् प्राधिकरणलाई अर्बौं नाफामा लगेको, १८ घण्टा लामो लोडसेडिङ अन्त्य गरेको, विद्युत् चुहावट नियन्त्रणमा उल्लेख्य सफलता हासिल गरेकोसँगै विद्युतीकरण ४० प्रतिशत बढी गरेर देश र जनताको हितमा कुशल व्यवस्थापकको रूपमा रहेर काम गरेको रिटमा उल्लेख छ । तर, उक्त रिट भने दर्ता हुन बाँकी रहेको सर्वोच्च अदालतका सूचना अधिकारी निराजन पाण्डेले बताए । उनका अनुसार रिट करिब बुधबार ५ बजेको समयमा पेस भएको थियो । अध्ययन गर्न बाँकी रहेकाले दर्ता नगरिएको उनले प्रस्ट पारे । 'उहाँको रिट पेस भएको छ । अध्ययनका क्रममा रहेको छ । अध्ययनपछि बिहीबार दर्ता प्रक्रियामा जान्छ,' उनले प्रभावसँग भने ।


घिसिङलाई सोमबार बसेको मन्त्रिपरिषद् बैठकले प्राधिकरणको कार्यकारी निर्देशकबाट हटाउने निर्णय गरेको थियो । त्यसदिन राति पत्रकारहरूलाई सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले ढाँटेका थिए । कुलमानलाई हटाउने निर्णयबारे सरकारलाई केही थाहा नभएको उनको भनाइ थियो । तर, मंगलबार उनै गुरुङलाई मन्त्रिपरिषद् बैठकले कुलमानलाई हटाउने र उनको ठाउँमा हितेन्द्रदेव शाक्यलाई नियुक्त गरेको जानकारी दिएका थिए । मंगलबार अबेर कुलमानलाई हटाएकोसम्बन्धी तीन पानाको पत्र सरकारले पठाएको थियो । पत्रमा उनलाई प्राधिकरणका कर्मचारीबीच गुटबन्दी गराएको, संसद् र

क्रमशः पृष्ठ २ मा

राष्ट्रिय तथ्यांक कार्यालयको प्रतिवेदन

# आन्तरिक बसाइँसराइमा महिला अगाडि, बाह्यमा पुरुष

- १८ वटा जिल्लाले आफ्नो जिल्लामा जन्मिएका २० प्रतिशत जनसंख्या गुमाएको तथ्यांक, काठमाडौंसहित १२ जिल्लाबाट १० प्रतिशतभन्दा कम बसाइँसराइ
- आफ्नो मूल थलो स्थायीरूपमा छाड्ने प्रवृत्ति सबैभन्दा बढी पहाडमा
- आन्तरिक बसाइँसराइ गर्ने अत्यधिक ३७.६ प्रतिशत महिला, पुरूषको दर २०.६ प्रतिशत
- आन्तरिक बसाइँसराइको मूल कारणमध्ये २५.९ प्रतिशत आश्रित, २४.९ प्रतिशत विवाह र १९.२ प्रतिशत कामको अवसर
- वि.सं. २०५८ मा प्रवासन दर ३.३ रहेकोमा बढेर ७.५ प्रतिशत पुगेको तथ्यांक
- काठमाडौं, चितवन, रुपन्देही, कास्की, पर्सा, झापा, ललितपुर, मोरङ, बारा र सुनसरीमा भारतीय नागरिकहरूको अनुपात सबैभन्दा उच्च




**प्रदेशगत आधारमा मूल थलो छाडेर स्थायी बसाइँसराइ गर्ने जनसंख्याको तथ्यांक (प्रतिशतमा) ।** *स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मुलुकमा आफ्नो मूल थलो छाडेर स्थायी बसाइँ सर्ने क्रम बढ्दो देखिएको छ । यो प्रवृत्ति सबैभन्दा बढी पहाडमा देखिएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले बुधबार सार्वजनिक गरेको 'नेपालमा आन्तरिक बसाइँसराइ प्रतिवेदन' अनुसार मूल थलो छाडेर स्थायी बसोबास गर्ने जनसंख्या २९.२ प्रतिशत रहेको छ ।

राष्ट्रिय जनगणना, २०७८ मा आधारित यो प्रतिवेदनले मुलथलो छाडेर बसाइँ सर्नेमा सबैभन्दा बढी पहाडी मुलका मानिसहरू छन् । 'सबैभन्दा बढी स्थायी आन्तरिक बसाइँसराइ गर्ने अर्थात् मूलथलो छोड्ने जनसंख्या पहाडमा देखिएको छ,' प्रतिवेदनमा भनिएको छ । पहाडबाट ३२ प्रतिशत मानिसहरू सर्दा तराईबाट २८.९ प्रतिशत र हिमाली क्षेत्रबाट १३.८ प्रतिशत सरेको देखिएको छ ।

आन्तरिक बसाइँसराइ गर्ने अत्यधिक ३७.६ प्रतिशत महिला छन् भने पुरुषको दर २०.६ प्रतिशत रहेको छ । प्रतिवेदनले देशका ७७ वटै जिल्लाबाट बसाइसराइँ भएको देखाएको छ । जसमध्ये १८ वटा जिल्लाले आफ्नो जिल्लामा जन्मिएका २० प्रतिशत जनसंख्या गुमाएका प्रतिवेदनमा उल्लेख छ । पर्सा, रौतहट, नवलपरासी पूर्व, नवलपरासी पश्चिम, भक्तपुर, ललितपुर, काठमाडौं, कञ्चनपुर, कैलाली, रूपन्देशी, बाँके र कपिलवस्तुबाट भने १० प्रतिशतभन्दा कम जनसंख्य बसाइँ सरेर अन्यत्र गएको देखिन्छ ।

### बसाइँ सर्नेमा महिला अगाडि, कारण विवाह र आश्रित

यो अवधिमा काठमाडौं उपत्यकाका तीन जिल्लामा सबैभन्दा बढी बसाइँ सरेको देखिन्छ । 'काठमाडौंमा ५७.२ प्रतिशत बसाइँसराइ गरी आएका छन् । भक्तपुरमा ५०.२ प्रतिशत र ललितपुरमा ४६.२ प्रतिशत छन् जुन स्थायी बसाइँसराइको सबैभन्दा उच्च दर हो,' प्रतिवेदनमा भनिएको छ ।

२०२८ सालमा यस्तो बसाइँसराइ ४.७ प्रतिशत रहेकोमा अहिले बढेर २० प्रतिशत पुगेको तथ्यांकमा उल्लेख छ । यसरी बसाइँ सर्नेमा महिला सबैभन्दा अघि देखिएको छ । 'आन्तरिक बसाइँसराइ गर्ने पहाडी क्षेत्रमा महिला ५७.६ प्रतिशत र पुरूष ५१.३ प्रतिशत देखिन्छ । कूल बसाइँसराइ गर्नेमध्ये महिला ३१९ हजार र पुरुष २५१ हजार रहेका छन्,' प्रतिवेदनमा भनिएको छ । प्रदेशगतरूपमा बागमती र लुम्बिनी प्रदेशमा धेरै बसाइँ सरेको देखाउँछ । कोशी प्रदेशबाट बसाइँ सर्नेको संख्या बढ्दो रहेको छ ।

### सहरी क्षेत्रमा आउने क्रम जारी

मुलुक संघीय प्रणालीमा गएपछि पनि मानिसहरू भने सहर आउने क्रम जारी रहेको देखिन्छ । नेपालमा २०७४ को स्थानीय तहको निर्वाचनपछि संघीयताको अभ्यास लागू भयो । गाउँगाउँमा सिंहदरबार पुगेको भनियो । तर ग्रमीण क्षेत्र छाडी सहरी क्षेत्रमा आउनेको संख्या ५१.२ प्रतिशत देखिन्छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# 'सुनौं, सिकौं' कार्यक्रमबाट लाभ लिँदै मलेसियामा रहेका श्रमिक

## एलर्जी, ग्यास्ट्रिक र एञ्जाइटी मुख्य समस्या

■ **ममता थापा**

**काठमाडौं–** वैदेशिक रोजगारीमा गएका श्रमिकहरू विभिन्न स्वास्थ्य समस्याबाट गुज्रनुपरेका गुनासाहरू आउने गरेका छन् । विभिन्न अध्ययनबाट प्राप्त तथ्यांकले पनि त्यस्तो समस्या रहेको देखाउँछ । धेरै नेपालीहरूको रोजगार गन्तव्य बनेको मलेसियामा पनि सोही समस्या देखिन्छ । चालु आर्थिक वर्षको साउनदेखि फागुन १५ गतेसम्म विभिन्न स्वास्थ्य समस्याका कारण मलेसिया गएका ५२ जनाको ज्यान गएको वैदेशिक रोजगार बोर्डको तथ्यांक छ । यस्ता समस्यामा परी ज्यान गुमाउन नपरोस् भनेर मलेसियास्थित नेपाली दूतावासले स्वास्थ्य परामर्श सेवा सुरु गरेको छ । यही चैतबाट सुरु भएको परामर्श सेवाबाट श्रमिकहरू लाभान्वित हुन थालेका छन् ।

रोजगारीको सिलसिलामा गएका श्रमिकले झेल्नुपर्ने विविध समस्याको बेलैमा समाधान गर्न सकियोस् भन्ने उद्देश्यसहित दूतावासले 'सुनौं, सिकौं' कार्यक्रम सञ्चालनमा ल्याएको हो । नेपालबाट स्वास्तिक हिमालयन ग्रुपले यसको सहजीकरण गरिरहेको छ ।




**डा. राजन लुइँटेल**
वरिष्ठ फिजिसियन तथा मनोरोग विशेषज्ञ

**नवराज फुयाल**
क्लिनिकल साइकोलोजिस्ट

श्रमिकहरूलाई विभिन्न खाले शारीरिक र मानसिक समस्या आउन नदिन, यदि समस्या छ भने समाधानका लागि के-के गर्न सकिन्छ भनेर विज्ञ चिकित्सक र मनोपरामर्शदाताले परामर्श दिइरहेका छन् । 'भर्चुअल' माध्यमबाट सञ्चालित कार्यक्रममा सहभागी हुनेले स्वस्थ जीवन र खानपानसम्बन्धी ज्ञानका साथै स्वास्थ्य समस्याको प्राकृतिक र एलोपेथिक विधिबाट हुने समाधानका बारेमा परामर्श पाउन सक्छन् । जिज्ञासालाई सामूहिक या व्यक्तिगतरूपमा सम्बोधन गरिने दूतावासले जानकारी दिएको छ ।

श्रमिकको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै तयार पारिएको यस कार्यक्रममा चिकित्सक, मनोसामाजिक परामर्शदाता, श्रम विशेषज्ञ, कलाकार, उत्प्रेरक वक्ता आदिलाई समेत सहभागी गराइने भएकाले रमाइलो तरिकाले सन्देश लिन सकिने कार्यक्रम 'हेल्प डेस्क'की आर्या थापाले बताइन् । यो कार्यक्रम पहिलोचोटि सञ्चालन गरिएकाले करिब चार महिना चल्ने उनको भनाइ छ । कार्यक्रमको आयोजक मलेसियास्थित नेपाली दूतावास भए पनि यो नेपालबाटै सञ्चालन भइरहेको छ । यस कार्यक्रमअन्तर्गत हरेक शुक्रबार मलेसियाको समयअनुसार साँझ ५:१५ देखि ६:१५ सम्म श्रमिकहरूले विशेषज्ञ चिकित्सकलाई लाइभमै आफ्नो समस्या राख्न सक्छन् । यसका साथै श्रमिकहरूले हरेक दिन बिहान ९ बजेदेखि साँझ ६ बजेसम्म चिकित्सकलाई सीधै सम्पर्क गरेर पनि आवश्यक परामर्श लिन सक्छन् ।

'सुनौं, सिकौं' सुरुभएदेखि आफ्नो सम्पर्कमा १६-१७ जना आएको वरिष्ठ फिजिसियन तथा मनोरोग विशेषज्ञ डा. राजन लुइँटेलले बताए । बढीजसो एलर्जी, ग्यास्ट्रिक, हातखुट्टा झमझमाउने र एञ्जाइटीको समस्या भएकाहरूले सम्पर्क गरेको उनले बताए । 'यदि परामर्श दिँदा हुने समस्या छ भने परामर्श दिएर, स्वास्थ्य जाँच गरेको रिपोर्टलाई वाट्सएपमार्फत पठाउन लगाएर आवश्यक औषधि लेखिदिने तथा सेवन गरेको औषधिको मात्रा घटाउन, बढाउन या छोड्न परे सुझाव दिन्छौं,' उनले भने ।

क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमशः

# आन्तरिक...

'राष्ट्रिय जनगणना २०७८ अनुसार आन्तरिक बसाइँसराइ गर्ने जम्मा जनसंख्या १९ लाख ९४ हजार ९९६ रहेको छ,' प्रतिवेदनमा भनिएको छ, 'ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रतर्फका बसाइँसराइ ५१.३ प्रतिशत छ । यस्तै ग्रामीण सहरी बसाइँसराइ प्रवृत्ति भौगोलिक क्षेत्र र प्रदेशअनुसार फरक छन् । बागमती प्रदेशमाचाहिं ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रतर्फको र सहरी क्षेत्रबाट सहरी क्षेत्रतर्फकै बसाइँसराइको आयतन वा संख्या सबैभन्दा बढी छ ।' साना सहरबाट ठूला सहरतर्फ विशेषत: काठमाडौं, ललितपुर र भक्तपुरमा प्रदेशकै अन्य सहरहरूबाट बसाइँसराइको संख्या अत्यधिक भएको प्रतिवेदनमा उल्लेख छ ।

बसाइँसराइको मूल कारणमध्ये २५.९ प्रतिशत आश्रित भएर गएको देखिन्छ । त्यसैगरी २४.९ प्रतिशत विवाह र १९.२ प्रतिशत कामको अवसरका कारण र १४.१ प्रतिशत अध्ययन/तालिमका कारणले सरेको देखिन्छ । तराईमा बसाइँ सरेकामध्ये ३१.३ प्रतिशत विवाह र २६.७ प्रतिशत आश्रित भएर गएको प्रतिवेदनमा छ । बागमती र गण्डकीमा कामको अवसर प्रमुख कारण छन् भने बाँकी पाँच प्रदेशमा विवाह नै प्रमुख कारण भएको तथ्यांकमा उल्लेख छ ।

### विदेश बसाइँसराइमा पुरुष अगाडि

नेपालीहरू विदेशमा बसाइँ सर्ने दर पनि बढ्दो छ । जसमा पुरुष सबैभन्दा अगाडि देखिन्छ । वि.सं. २०५८ मा आप्रवासन दर ३.३ रहेकोमा अहिले बढेर ७.५ प्रतिशत पुगेको छ । यसमा ८२.२ प्रतिशत पुरुष रहेको नेपालमा अन्तर्राष्ट्रिय बसाइँसराइ प्रतिवेदनमा उल्लेख गरिएको छ ।

नेपालीहरूका गन्तव्य देश १४ प्रतिशतले मध्यपूर्वी देशहरूमा प्रवासन गरेको देखिन्छ भने लगभग ११ प्रतिशत भारत र तीन प्रतिशत प्रशान्त महासागरीय क्षेत्रका देशहरूमा प्रवासन भएका देखिन्छ । यसरी बाहिर जानेमा सबैभन्दा धेरै २० देखि २९ वर्ष उमेर समूहका युवाहरू देखिन्छ । यी उमेर समूहका युवाहरू ४९.४ प्रतिशत विदेश जाँदा ३० देखि ३९ वर्ष उमेर समूहका युवा १९.५ प्रतिशत रहेका छन् ।

देश छाड्नुको मूल कारण रोजगारी र अध्ययन देखिन्छ । 'अनुपस्थित हुनुका मुख्य कारणहरूमा तलब/ज्याला, नोकरी, व्यापार/व्यवसाय, अध्ययन/तालिम, कामको खोजी र आश्रित हुनु रहेका छन्,' प्रतिवेदनमा भनिएको छ, 'कूल अनुपस्थितमध्ये ५९.८ प्रतिशतको विदेश जानुको कारण तलब/ज्याला नै रहेको देखिन्छ । त्यसैगरी २०.४ प्रतिशत अभिभावकमाथि आश्रित हुनुको कारणले र १४ प्रतिशतले काम खोज्ने उद्देश्यले विदेशमा बसाइँसराइ वा प्रवासन भएको देखिन्छ ।'

### नेपालमा बसाइँ सर्ने भारतीय धेरै

विदेशमा जन्मेकाहरू पनि नेपालमा बसाइँ सर्ने क्रम बढेको यो प्रतिवेदनले देखाउँछ । वि.सं. २०१८ मा यस्ता आप्रवासीहरूको संख्या नेपालमा तीन लाख ३७ हजार ६२० थियो भने २०७८ मा त्यस्तो जनसंख्या सात लाख ३४ हजार ६६३ पुगेको छ । २०१८ मा एक लाख १० हजार ६१ जना विदेशी नागरिक गणनामा समावेश हुँदा २०३८ मा उक्त संख्या बढेर चार लाख ८३ हजार १६ पुगेको थियो । तर, यो वृद्धि २०७८ मा खुम्चिएर एक लाख ३७ हजार २१८ भएको देखाउँछ ।

भारतमा जन्मेर नेपालमा बसोबास गरिरहेका कूल जनसंख्यामध्ये करिब ८५ प्रतिशत नेपाली नागरिकको हैसियतमा छन् भने भारतीय नागरिकता हुनेहरूको हिस्सा १५ प्रतिशत रहेको छ । विदेशी नागरिकताअनुसार नेपालका विभिन्न जिल्लामा बसोबास गर्नेहरूको वितरण हेर्दा काठमाडौं, चितवन, रूपन्देही, कास्की, पर्सा, झापा, ललितपुर, मोरङ, बारा र सुनसरी रहेका छन् । यी सबै १० जिल्लामा भारतीय नागरिकहरूको अनुपात सबैभन्दा उच्च देखिएको छ । चिनियाँ नागरिक र अन्य देशका नागरिकहरूको अनुपात भारतीय नागरिकहरूको तुलनामा निकै नै न्यून रहेको छ । लगभग ४५ प्रतिशत आप्रवासीहरू वैवाहिक कारणले आफ्नो हाल बसोबास रहेको स्थानमा बसिरहेका देखिन्छन् भने विदेशबाट घर फर्किएकाहरूको हिस्सा २५.४ प्रतिशत रहेको छ ।

■■■

# संघीय संसद्का...

सरकारविरुद्ध बोलेको, सरकारले सोधेको स्पष्टीकरणका विषयवस्तु सार्वजनिक गरेको, सञ्चालक समितिको स्वीकृति नलिइकन काजमा गएको जस्ता आरोप पनि लगाएको छ । उनीमाथि आफ्नो क्षेत्राधिकारबाहिर गएर भारतसँग विद्युत् खरिद तथा बिक्री सम्झौता गरेको आरोप पनि लगाएको छ । नेपाल-भारत विद्युत् आदानप्रदान समिति अर्थात् पिइसीअन्तर्गत प्राप्त हुने विद्युत्को शुल्कबारे घिसिङले गरेको पछिल्लो सम्झौतालाई ऊर्जामन्त्री अध्यक्ष रहने सञ्चालक समितिले हालसम्म स्वीकृत गरेको छैन । त्यसैका आधारमा उनीमाथि उक्त आरोप लगाइएको बुझिएको छ । सोही विषयलाई लिएर ऊर्जामन्त्री खड्काले घिसिङलाई स्पष्टीकरण पनि सोधेका थिए । उक्त सम्झौता गर्न जाँदा सञ्चालक समितिबाट निर्णय नगराएको आरोप पनि घिसिङमाथि लगाइएको छ भने लामो समयदेखि विवादमा रहेको डेडिकेटेड तथा ट्रंकलाइन विद्युत्को बक्यौता नउठाएको आरोप पनि उनीमाथि लगाइएको छ ।

कुलमानलाई प्राधिकरणबाट सरकारले हटाएपछि देश अशान्त छ । सडकमा दिनहुँ जुलुस निकालिँदै छ । देशको ठाउँठाउँमा मंगलबारदेखि सरकार विरोधी प्रदर्शनहरू भइरहेका छन् । कुलमानलाई ज्यादतीपूर्ण ढंगले हटाएको भन्दै प्रधानमन्त्री केपी शर्मा ओली र ऊर्जामन्त्री दीपक खड्काविरुद्ध नाराबाजी भइरहेका छन् । विपक्षी दलहरूले बुधबार प्रतिनिधिसभा र राष्ट्रिय सभा बैठक चल्न दिएनन् । सभामुख देवराज घिमिरे र अध्यक्ष नारायण दाहालले सदनको बैठक सञ्चालन गरेलगत्तै उभिएर विपक्षी दलका सांसदहरूले अवरोध गरे । विपक्षी नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीदेखि नेकपा एकीकृत समाजवादीलगायत दलका सांसदहरूले कुलमानलाई हटाएर सरकारले गलत गरेको भन्दै विरोध गरे । उनीहरूले कुलमानलाई किन हटाइयो ? प्रधानमन्त्री ओलीसँग जवाफ मागे । जवाफ नआउञ्जेलसम्म संसद् बैठक चल्न नदिने विपक्षी दलहरूको चेतावनी छ ।

प्रतिनिधिसभामा माओवादी सांसद शक्तिबहादुर बस्नेतले भने, 'विद्युत् प्राधिकरणको प्रबन्ध निर्देशकमाथि जुन प्रकारको हर्कत सरकारले गर्‍यो, यसबारेमा आम नेपाली जनताले चासोका साथ हेरिरहेका छन् । हामी चाहन्छौं सरकारले निर्णय फिर्ता लिइयोस् र यसबारे प्रधानमन्त्रीले संसद्लाई जवाफ दिनुपर्छ । जवाफ नदिउञ्जेलसम्म संसद् चल्न दिदैनौं ।'

प्रतिनिधिसभा बैठक सञ्चालन भएलगत्तै विपक्षी दलहरूले अवरुद्ध गरेका थिए । त्यसपछि सभामुख देवराज घिमिरेले १५ मिनेट बैठक स्थगित गरे । लगत्तै बैठक सञ्चालनका लागि कांग्रेस, एमाले, माओवादी, रास्वपा र राप्रपाका प्रमुख सचेतकहरूसँग उनले छलफल गरे । छलफलपछि दोस्रोपटक बुधबार ३ बजे बैठक बस्यो । तर, फेरि विपक्षी दलहरूका सांसदहरूले बैठक अबरुद्ध गरे । बैठक चल्न दिएनन् । प्रतिनिधिसभा बैठक आज बिहान ११ बजेसम्मका लागि स्थगित भएको छ । राष्ट्रिय सभाको स्थगित बैठक पनि अवरुद्ध भयो । सभाका माओवादी प्रमुख सचेतक गोपीबहादुर सार्की (आछामी)ले प्रधानमन्त्रीको चित्तबुझ्दो जवाफ नआउञ्जेलसम्म बैठक चल्न नदिने बताए ।

'कुलमान घिसिङलाई पुरस्कृत गर्नुपर्नेमा दण्डित गरियो । यो गलत हो । यसप्रति जवाफ प्रधानमन्त्रीजीबाट आओस् । नआउञ्जेलसम्म हामी सदन चल्न दिँदैनौं,' उनले भने ।

अवरोध गर्ने सबै विपक्षी दल हुन् । यसरी कुलमान हटाएको विषयले सडकमा जुलुस निस्किँदा सदनमा सरकारविरुद्ध गणतन्त्रवादी र राजावादीहरू एक ढिक्का भएर उभिए । सरकारलाई चौतर्फी घेराबन्दी गर्ने र गलाउने रणनीतिमा विपक्षी दलहरू देखिएका छन् ।

उसो त सरकारमै रहेको मुख्य दल कांग्रेसका दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मासँगै नेता डा. शेखर कोइरालालगायतले कुलमान हटाउनु गलत भनिसकेका छन् । अझ कोइरालाले त कुशासनको निरन्तरता भनिसकेका छन् । यहीबीच चौतर्फी सरकारको आलोचना हुँदा बसेको संसद्को दुवै सदनको बैठक विपक्षी दलहरूको अवरोधले स्थगित भए ।

विपक्षी दलहरू कुलमान हटाउनुको कारण खोजिरहेका छन् । यदि, चित्तबुझ्दो स्पष्टीकरण प्रधानमन्त्री ओलीले नदिए आन्दोलनमा जाने चेतावनी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको छ । तर, प्रधानमन्त्री ओलीले संसद्बाट स्पष्टीकरण नदिने संकेत गरेका छन् । 'पार्लियमेन्टमा स्पष्टीकरण दिनुपर्ने भन्दै छन् । के को स्पष्टीकरण ? एउटालाई हटाइसकें, अर्कोलाई नियुक्त गरिसकें । सिद्धियो,' उनले बुधबार काठमाडौंमा आयोजित एक कार्यक्रममा भने ।

कुलमान डेडिकेटेट फिडर र ट्रंकलाइन महसुलबापतको बक्यौता उद्योगी व्यवसायीबाट विद्युत् लाइन काटेरै भए पनि उठाउने पक्षमा थिए । तर, प्रधानमन्त्री ओली र ऊर्जामन्त्री खड्का बाधक बने । प्राधिकरणलाई अर्बौं बक्यौता नतिर्ने उद्योगी व्यवसायीको पक्षमा उभिए । यही विषयले खासगरी ऊर्जामन्त्री खड्का र कुलमानबीच आठ महिनासम्म लफडा भयो । लफडाबीच मन्त्री त कहिले मन्त्रिपरिषद् बैठकबाटै कुलमानमाथि पटक-पटक अनावश्यक स्पष्टीकरण सोध्ने काम भयो । अन्तत: स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै उनलाई सोमबार सरकारले हटायो । उनको ठाउँमा नियुक्त हितेन्द्रदेव शाक्यले कार्यभार सम्हालिसकेका छन् । तर, कुलमान हटाएको निहु पारेर विपक्षीहरूले सडकदेखि सदनसम्मै मोर्चाबन्दी गरेर सरकारलाई घेराबन्दीमा पार्न खोजेको देखिएको छ ।

■■■

# "सुनौं, सिकौं" ...

अहिलेसम्म गम्भीर प्रकृतिका बिरामी नआएको उनको भनाइ छ । भर्खरै सुरु भएको कार्यक्रम भएकाले केही समयपछि अझै व्यापक भएर जाने उनको विश्वास छ । 'कार्यक्रम सुरु भएको १५ दिन पनि भएको छैन, यसको जानकारी सबैतिर नपुगेको हुनसक्छ । सबैमाझ पुग्न केही महिना लाग्नसक्छ,' उनले भने । यद्यपि हरेक शुक्रबार दूतावासको फेसबुक पेजबाट हुने लाइभमा भने करिब तीन हजार जनासम्म आउने गरेको डा. लुइँटेलले बताए ।

कार्यक्रमका अर्का परामर्शदाता क्लिनिकल साइकोलोजिस्ट नवराज फुयालले आफूसमक्ष भने अनिन्द्रा, चिन्ता, अनावश्यक डराउने, प्यानिक एटचाकजस्ता समस्या लिएर आइपुगेको बताए । श्रमिकहरूमा कुनै गहिरो मानसिक आघात र घरपरिवार तथा आफन्तलाई छोड्दाको नमिठोपनले गर्दा यस्ता समस्या देखिएको उनको भनाइ छ । केही भने जुवा, तास खेलेर आफूले कमाएको रकमको ठूलो परिमाण गुमाउँदा मानसिक समस्यामा परेको पाइएको उनले बताए ।

'कामको कारणले जीवनशैली फेरिँदा खानपान, निन्द्रा आदिमा आएको असन्तुलनले पनि समस्या निम्त्याइरहेको छ,' उनले भने । दैनिकीलाई कसरी व्यवस्थित बनाउने, काम र स्वास्थ्यलाई कसरी सन्तुलित राख्ने, त्यहाँको परिवेसमा भिज्न के-के परिवर्तन गर्नेजस्ता विषयमा आफूले सुझाव दिने गरेको फुयालले बताए । 'कतिपय केसमा समस्यामा परेको व्यक्तिको कुरा सुनिदिँदा नै आधा समस्या हल भइसक्छ । एक जना पीडितलाई ५-१० मिनेट समय दिनु भन्नुभएको छ । तर कहिलेकाहीँ एक-दुई घण्टा पनि लाग्नसक्छ । एक व्यक्तिसँग त राति साढे ११ बजे उठेर दुई घण्टासम्म पनि कुराकानी गरेको छु,' उनले भने ।

## साउदीमा रोजगार

कम्पनी : KARAKER CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/१३ पुन: विज्ञापन स्वीकृति मिति : २०८१/०८/१३ LT. No. 314486 चलानी नं. ६०२२८८९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY BUS / TRUCK DRIVER | 1 | 0 | 1800 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २१ गते (3rd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५

## कुवेतमा रोजगार

कम्पनी : Salwa Company For Consumer Order Delivery

पूर्व स्वीकृति मिति : २०८१/१२/१३ LT. No. 321056 चलानी नं. ६०२३५२१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver (Nepali License) | 22 | 0 | 140 | ६२,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २१ गते (3rd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

E.U.Bright Future Pvt. Ltd. (PRESTIGE H.R. SOLUTION PVT.LTD.)
Tokha Municipality-10, Kathmandu, Nepal, Tel: 01-4975111, Email: eubrightfuture626@gmail.com
श्रम ईजाजत नं. ११७३/०७३/०७४

## कुवेतमा रोजगार

कम्पनी : wahaj kuwait hotel apartments company

पूर्व स्वीकृति मिति : २०८१/०७/३० पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१३ LT. No. 313690 चलानी नं. ६०२२८०७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista (Coffee Shop) | 2 | 0 | 150 | ६६,८७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | CHEF (COOK) | 10 | 0 | 180 | ८०,२४५ | | | | | | | |
| 3 | Receptionist | 2 | 0 | 150 | ६६,८७० | | | | | | | |
| 4 | Waiter | 2 | 0 | 120 | ५३,४९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २१ गते (3rd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## युएइमा रोजगार

कम्पनी : NORTH FIRM HOSPITALITY SERVICES CO.LLC

पूर्व स्वीकृति मिति : २०८०/०७/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/१३ LT. No. 294812 चलानी नं. ६०२०९९१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 15 | 900 | ३३,६७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Male Cleaner | 15 | 0 | 800 | २९,९३५ | | | | | | | |
| 3 | Security Guard | 50 | 0 | 1200 | ४४,९०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २१ गते (3rd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GULF MANAGEMENT INTERNATIONAL PVT.LTD
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504, 9851040203, E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com
श्रम ईजाजत नं. ७८८/०६५/०६६

## बहराइनमा रोजगार

कम्पनी : Monai Nails and Spa

पूर्व स्वीकृति मिति : २०८१/११/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१३ LT. No. 319470 चलानी नं. ६०२३५२०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 3 | 150 | ५४,६९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Dresser | 0 | 3 | 150 | ५४,६९० | | | | | | | |
| 3 | Nail Technicians | 0 | 4 | 150 | ५४,६९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २१ गते (3rd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९

## युएइमा रोजगार

कम्पनी : ALKARMAN TECHNICAL SERVICE LLC

पूर्व स्वीकृति मिति : २०८१/१२/१३ LT. No. 321107 चलानी नं. ६०२३५१८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 5 | 0 | 1200 | ४४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 5 | 0 | 1200 | ४४,९०० | | | | | | | |
| 3 | Electrician Labor | 5 | 0 | 1200 | ४४,९०० | | | | | | | |
| 4 | Painter (Touch Up) | 5 | 0 | 1200 | ४४,९०० | | | | | | | |
| 5 | Plasterer | 5 | 0 | 1200 | ४४,९०० | | | | | | | |
| 6 | Plumber | 5 | 0 | 1200 | ४४,९०० | | | | | | | |
| 7 | Scafolder | 5 | 0 | 1200 | ४४,९०० | | | | | | | |
| 8 | Steal Fixer | 5 | 0 | 1200 | ४४,९०० | | | | | | | |
| 9 | Tile Layer | 5 | 0 | 1200 | ४४,९०० | | | | | | | |
| 10 | Tile Polisher | 5 | 0 | 1200 | ४४,९०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २१ गते (3rd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEW ALFA HR SERVICES PVT. LTD.
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com
Govt. License No. 1090/073/74

## सूचना ! सूचना !! सूचना !!!

नेचुरल मिडिया प्रा.लि.द्वारा सञ्चालित www.bicharpana.com नामक अनलाइन पत्रिका यस कम्पनीबाट हस्तान्तरण हुने हुँदा यस कम्पनीसँग सम्बन्धित कुनै श्रमजिवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति २०८१ चैत्र २९ गते (१५ दिन) भित्र यस कम्पनीको ठेगाना काठमाडौं महानगरपालिका-२९, अनामनगर, सञ्चालकको मोवाइल नम्बर ९८५११८२३१३ वा naturalmedianepal@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने व्यहोरा अनुरोध छ ।

**नेचुरल मिडिया प्रा.लि.**
काठमाडौं महानगरपालिका-२९, अनामनगर
फोन : ०१-५९२४२२९

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०९/०५ मा दर्ता भएको **प्रा.लि. नं. २८००३६** को **गेरुवा सप्लायर्स एण्ड ट्रान्सपोर्ट प्रा.लि.** को मिति २०८१/१२/१३ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं फोन नं. ९८५११६३७२३, ईमेल** : rokayasherbahadur723@gmail.com

## हकदावी सम्बन्धी ३५ दिने सूचना


कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०८/१५ मा दर्ता भएको **प्रा.लि. नं. २७८५०० को एड्भान्सड इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** को मिति २०८१/१२/१३ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं फोन नं. ९८५११६३७२३, ईमेल** : rokayasherbahadur723@gmail.com

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६/०८/२४ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **२३००१६** को **अनलाइन सेल्स नेपाल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१२/१३ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।




# फेदाप गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**पोक्लावाङ, तेह्रथुम**
**कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति: २०८१/१२/१४**

यस गाउँपालिकाको कार्यालयबाट प्रकाशित तपशिल बमोजिमका बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको समयभित्र दर्ता भएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृत गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२)तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | निर्माण कार्य | छनौट भएको बोलपत्रदाता | कबोल अंक |
|---|---|---|---|
| 1. | Aadharbhud Tatha Aakasmik Swasthya Sewako Lagi Ausadhi Kharid, Contract ID:- PHRM/GOODS/5/081/08 | Riddhisiddhi Meditech International | Rs. 6,67,088|47 |

**प्रमुख प्रशासकिय अधिकृत**

# आँखा उपचारका लागि विदेशी नागरिक नेपालमा

## भारत, बंगलादेश र भुटानबाट आउँछन् बिरामी

■ प्रभाव संवाददाता



**काठमाडौं–** भारत, बंगलादेश, भुटानलगायत देशका नागरिक आँखा उपचारका लागि नेपाल आउने गरेका छन् । नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित २८ आँखा अस्पताल, २२४ आँखा उपचार केन्द्रमा विदेशी बिरामी उपचारार्थ आएका हुन् । सन् २०२४ मा संघको सञ्जालमार्फत नौ लाख सात हजार ७१ जना विदेशी नागरिकको आँखा परीक्षण तथा एक लाख ६२ हजार ८४५ जनाको शल्यक्रिया गरिएको संघका कार्यकारी निर्देशक डा. शैलेशकुमार मिश्रले बताए ।

सञ्जालमार्फत सन् २०२४ मा ३२ लाख ६८ हजार ३४ जना आँखाका बिरामीको आँखा परीक्षण गरी दुई लाख ५८ हजार ५७५ जनाको शल्यक्रिया गरिएको छ । संघका अस्पताल तथा विभिन्न बाह्य कार्यक्रममार्फत ३४ हजार ४२५ जना आँखाका बिरामीको निःशुल्क शल्यक्रिया गरिएको छ । संघद्वारा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाको सहयोग तथा अस्पतालको आन्तरिक स्रोतबाट निःशुल्क शल्यक्रिया गरिएको हो ।

संघले आफ्ना सञ्जालमार्फत नेपाली तथा अन्य देशका नागरिक गरी हालसम्म चार करोड ६८ लाख ६८ हजार ६० जनाको उपचार गरेको छ भने ५३ लाख ९२ हजार २२४ जनाको आँखाको शल्यक्रिया गरेको जानकारी कार्यकारी निर्देशक मिश्रले दिए ।

# हिमाल आरोहण अनुमति लिने क्रम सुरु

## विभिन्न हिमाल आरोहण गर्न ५८ जनाले पाए अनुमति

**काठमाडौं–** यस वर्षको वसन्तकालीन यामको हिमाल आरोहणका लागि आरोहण अनुमति दिन सुरु गरिएको छ । पर्यटन विभागका अनुसार अन्नपूर्ण-१ सहित विभिन्न चुली आरोहणका लागि आठ आरोही समूहका १८ महिला र ४० पुरुष गरी कूल ५८ जनाले अनुमति पाइसकेका छन् ।

हालसम्म नेपालसहित २४ देशका आरोहीले आरोहण अनुमति लिएका छन् । विभागका निर्देशक लिलाधर अवस्थीले वसन्त यामको हिमाल आरोहणका लागि अनुमति दिन सुरु गरिएको बताए । 'यो यामको हिमाल आरोहणका लागि अनुमति दिन सुरु गरिएको छ, सगरमाथा आरोहणका लागि छिट्टै अनुमति दिइने छ,' उनले भने, 'सगरमाथा क्षेत्रमा आरोहणको चहलपहल बढेको छ ।'

सगरमाथा आरोहणका तयारी व्यवस्थापनमा आरोहण गराउने कम्पनी जुटेका छन् । विभागका अनुसार सगरमाथा आधार शिविरमा अहिले स्नो होराइजन, पायोनियर, सेभेन समिट ट्रेक, सेभेन समिट क्लब, एलिट एक्सपिडिसन, हिमालयन गाइड्स, एसियन ट्रेकिङलगायत कम्पनीले शिविर व्यवस्थापनलगायतका काम गरिरहेका छन् ।

वसन्त ऋतु सगरमाथासहितका हिमाल आरोहणका लागि उपयुक्त मौसम मानिन्छ । यो याममा सगरमाथा आरोहणका लागि उल्लेख्य संख्यामा विदेशी आउँछन् । वसन्त ऋतुको सगरमाथा आरोहणका लागि बाटो बनाउन सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपीसीसी)ले 'आइसफल डाक्टर' खटाएको छ । सगरमाथाको आधार शिविरदेखि दोस्रो शिविरसम्म बाटो बनाउन एसपिसिसीले १० जनाको टोली खटाएको हो ।

यस्तै सगरमाथाको दोस्रो शिविरदेखि चुचुरोसम्म बाटो बनाउने अर्थात् 'रोप फिक्सिङ' (डोरी टाँग्ने) कामका लागि हालै दक्ष सगरमाथा आरोही खटिएका छन् । नेपाल पर्वतारोहण संघले अशोक लामाको नेतृत्वमा आठ सदस्यीय शेर्पा आरोहीलाई सगरमाथाको चुचुरोसम्म डोरी टाँग्नका लागि खटाएको हो ।

संघका महासचिव ऋषिराम भण्डारीका अनुसार वसन्त ऋतुको सगरमाथा र ल्होत्से हिमाल आरोहणका लागि आरोही केही दिनअघि सगरमाथा गएका छन् । सन् २०२५ को वसन्त ऋतुमा सगरमाथा, ल्होत्से र आमादब्लम हिमाल आरोहणका लागि रोप फिक्सिङको व्यवस्थापकीय जिम्मेवारी एट्के एक्सपिडिसन कम्पनीले पाएको छ । *रासस*


**यूएईमा रोजगार**

कम्पनी : BENSON ALOYSIUS CONTCRETE CARPENTER CONT. शहर : SHARJAH
पूर्व स्वीकृत मितिः २०८१/१२/१३ चलानी नं.: ६०२३५२२८ LT. No.: 321163

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 40 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,८२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason. | 80 | 0 | | 1200 | ४४,७३२ | | | | | | | |
| 3. | Shuttering Carpenter | 40 | 0 | | 1200 | ४४,७३२ | | | | | | | |
| 4. | Steel Fixer | 40 | 0 | | 1200 | ४४,७३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २१ गते (3 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com


Government of Sudur Pashchim Province
Ministry of Social Development
**Province Health Logistic Management Center**
Dhangadhi, Kailali Nepal

**Invitation for Electronic Bid**

Date of publication: **2081/12/14 (March 27, 2024)**

1. The ***Province Health Logistic Management Center Dhangadhi-01, Kailali*** invites ***electronic*** bids: under National competitive bidding– ***Single Stage Two Envelope procedures*** as:

| IFB No:- | Description of Goods: | Bid Security | Bid Security Validity |
|---|---|---|---|
| PHLMCSP/ G/NCB- 14/081-082 | The Procurement, Supply, Delivery and Installation of Automated Blood Culture Machine | NRs 2,00,000/- (Rupees Two Lakhs only) | 2082/05/08 (August 24, 2025) or 120 days beyond the day of bid opening. |
| PHLMCSP/ G/NCB- 15/081-082 | The Procurement, Supply Delivery and Installation of Antibiotics Sensitivity Test Machine | NRs 2,50,000/- (Rupees Two Lakhs Fifty Thousand only) | 2082/05/08 (August 24, 2025) or 120 days beyond the day of bid opening. |
| PHLMCSP/ G/NCB- 16/081-082 | The Procurement, Supply Delivery and Installation of Birthing Center Equipment's | NRs 1,25,000/- (Rupees One Lakhs Twenty Five Thousand only) | 2082/05/08 (August 24, 2025) or 120 days beyond the day of bid opening. |
| PHLMCSP/ G/NCB- 17/081-082 | The Procurement, Supply Delivery and Installation of Non Invasive Hemodynamic Monitor | NRs 3,00,000/- (Rupees Three Lakhs only) | 2082/05/08 (August 24, 2025) or 120 days beyond the day of bid opening. |
| PHLMCSP/ G/NCB- 18/081-082 | The Procurement, Supply Delivery and Installation of Fetal Heart Rate Monitor and Fetal Doppler | NRs 3,70,000/- (Rupees Three Lakhs Seventy Thousand only) | 2082/05/08 (August 24, 2025) or 120 days beyond the day of bid opening. |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO eGP system www.bolpatra.gov.np/egp.

*Acting Director*

**कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना**

(प्रकाशित मिति २०८१/१२/१४ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

तपसिल

**निजगढ शाखा**

| १. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| क. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय बारामा मिति २०७२/०४/१२ मा प्रा.फ.र.नं. ३८६८/०७२/७३ कायम भई दर्ता रहेको बारा जिल्ला, निजगढ न.पा. वडा नं. ०८ स्थित रजिष्टर्ड कार्यालय रहेको **शसाङ्क इन्टर प्राइजेज** । **प्रोप्राइटर उषा लामा (मोक्तान)**<br>ख. **विकाश लामा मोक्तान**<br>ना.प्र.नं.- १६०२५/२९०/०२९०<br>जारी मिति - २०५५/०३/१८, जि.प्र.का. बारा<br>बाबु - कुल बहादुर मुक्तान<br>बाजे - टेक बहादुर मोक्तान<br>स्थायी ठेगाना- बारा जिल्ला, निजगढ न.पा., वडा नं. ०८, (साविक निजगढ गा.वि.स., वडा नं ०७)<br>हालको ठेगाना- ऐ.ऐ | १. **विकाश लामा मोक्तान**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, निजगढ गा.वि.स/न.पा वडा नं. ७ घ स्थित कित्ता नं. १०३३ को क्षे.फ. ०-१-३३/४ (विगाहा) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।<br>२. ऋणी **शसाङ्क इन्टर प्राइजेज**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **विकाश लामा मोक्तान**<br>ना.प्र.नं.- १६०२५/२९०/०२९०<br>जारी मिति - २०५५/०३/१८, जि.प्र.का. बारा<br>बाबु - कुल बहादुर मुक्तान<br>बाजे - टेक बहादुर मोक्तान<br>स्थायी ठेगाना- बारा जिल्ला, निजगढ न.पा., वडा नं. ०८, (साविक निजगढ गा.वि.स., वडा नं ०७)<br>हालको ठेगाना- ऐ.ऐ<br>२. **उषा लामा (मोक्तान)**<br>ना.प्र.नं.- ९३७७,<br>जारी मिति - २०५९/११/२८, जि.प्र.का. बारा, ईलाका प्रशासन शाखा सिमरा<br>बाबु - चन्द्र बहादुर थापा मगर<br>बाजे - ठगेन्द्र बहादुर थापा मगर<br>स्थायी ठेगाना- बारा जिल्ला, निजगढ न.पा. वडा नं. ०८, (साविक निजगढ गा.वि.स., वडा नं ०७)<br>हालको ठेगाना- ऐ.ऐ | ३. **छ्योइसाङ लामा मोक्तान**<br>ना.प्र.नं.- ३३-०२-७७-००८३५,<br>जारी मिति - २०७७/०७/१८ जि.प्र.का. बारा<br>बाबु - बिकाश लामा मोक्तान<br>बाजे - कुल बहादुर मुक्तान<br>स्थायी ठेगाना- बारा जिल्ला, निजगढ न.पा., वडा नं. ०८, (साविक निजगढ गा.वि.स., वडा नं ०८)<br>हालको ठेगाना- ऐ.ऐ<br>४. **मिना कुमारी लामा**<br>ना.प्र.नं.- १६६५/२९२०,<br>जारी मिति - २०३७/०४/१८ जि.प्र.का. बारा<br>बाबु - दुधराज लामा<br>बाजे - इमान सिंह<br>स्थायी ठेगाना- बारा जिल्ला, निजगढ न.पा., वडा नं. ०८, (साविक पिपरा सिमरा गा.वि.स. गा.वि.स., वडा नं ०१)<br>हालको ठेगाना- ऐ.ऐ |

**कावासोती शाखा**

**१ . ऋणीहरूको विवरण**

| | |
|---|---|
| **भरत कुमार श्रेष्ठ**<br>ना.प्र.नं.- ६०१७<br>जारी मिति - २०४२/१२/१०, जि.प्र.का. नवलपरासी<br>बाबु - लोक बहादुर श्रेष्ठ<br>बाजे - हरि भक्त श्रेष्ठ<br>पत्नि - शान्ती श्रेष्ठ<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला, अग्यौली गा.वि.स., वडा नं. ०७<br>हालको ठेगाना- नवलपरासी जिल्ला कावासोती न.पा. वडा नं. १४....१ र | **शान्ती श्रेष्ठ**<br>ना.प्र.नं.- ७३२ चितवन<br>जारी मिति - २०४४/१२/३०, जि.प्र.का. नवलपरासी<br>बाबु - श्याम लाल श्रेष्ठ<br>बाजे - कुलमान श्रेष्ठ<br>ससुरा- लोक बहादुर श्रेष्ठ<br>पति -भरत कुमार श्रेष्ठ<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला कावासोती न.पा. वडा नं. १४<br>हालको ठेगाना- नवलपरासी जिल्ला कावासोती न.पा. वडा नं. १४....१ को संयुक्त नाममा |

**धितो सुरक्षणको विवरण**

१. **भरत कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यालय, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, कावासोती गा.वि.स वडा नं. ५, ५/क स्थित कित्ता नं. ३०९५ को क्षे.फ. ०-०-१४-० (वि.क.धु.क) घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

**बिमालेख हरायो**

मिति २०८१/११/०५ गते चावहिलदेखि शामाखुसीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : दिनेश स्वयाङ्बो**
**बिमालेख नं.: २५५००००९४**
**एल आइ सी (नेपाल) लिमिटेड**
**ठेगाना : सिन्धुपाल्चोक**
**सम्पर्क नं : ९८००४३६६४७**

**मोटरसाइकल हराएको सूचना**

मिति २०८१/१२/११ गते कलंकी, काठमाडौंमा पार्किङ गरिराखेको कालो/रातो रङ्गको Pulsar 150 cc मोटरसाइकल २:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**कम्पनीको नाम : हुलास फिन सर्भ हायर पर्चेज प्रा.लि.**
**ऋणीको नाम : सानु प्रसाद पौडेल**
**बाइक नं.: बा.प्र.०२ ०५१ प ७६७४**
**च्यासिस नं.: MD2A11CXORPC56544**
**इन्जिन नं. : DHXPRC29420**
**ठेगाना: कलंकी, काठमाडौं**
**सम्पर्क: ९८६९३२३०१०**


**युएइमा रोजगार**

कम्पनी : ASIA PRIME GENERAL CONTRACTING CO. L.L.C - DUBAI BRANCH
पूर्व स्वीकृति मिति : २०८१/१२/१३ LT. No. 321067 चलानी नं. ६०२३५१८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary labours | 71 | 0 | 800 | 30,800 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २१ गते (3rd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1287/074/75

KOPERASI INTERNATIONAL PVT. LTD.
Tokha -9, Gongabu (Shiva Mandir), Kathmandu, Bagmati
Contact: +977 1- 5912411, 9848172662, Email: Koperasi227@gmail.com



**युएइमा रोजगार**

कम्पनी : SINYAR ELECTROMECHANICAL WORKS LLC
पूर्व स्वीकृति मिति : २०८१/१२/१३ LT. No. 321069 चलानी नं. ६०२३३००४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 1200 | ४४,९०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Ductman | 3 | 0 | 1200 | ४४,९०२ | | | | | | | |
| 3 | Electrician. | 3 | 0 | 1200 | ४४,९०२ | | | | | | | |
| 4 | Helper | 25 | 0 | 850 | ३१,८०६ | | | | | | | |
| 5 | Mason. | 5 | 0 | 1200 | ४४,९०२ | | | | | | | |
| 6 | Plumber | 3 | 0 | 1200 | ४४,९०२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २१ गते (3rd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1592/079/080

Star Bridge HR Solution Pvt.Ltd.
Samakhusi, Town Planning-26, Ktm. Nepal,
Tel. No.: +977-01-5919160, E-mail: starbridgehrsolutan124@gmail.com


**कम्पनीको नाम परिवर्नतसम्बन्धी सूचना**

*प्रथम पटक प्रकाशित २०८१/१२/१४ गते*

यस कम्पनीको विशेष साधारणसभाको निर्णय वमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८९/१२/०१ को निर्णय अनुसार स्वीकृत प्राप्त भई साविक कम्पनी **ज्यास्पर इन्भेष्टमेण्ट प्रा.लि.** (**प्रा.लि.नं.३५३१४३**/८१/८२) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तित नामको **किसान इम्प्याक्ट फण्ड प्रा.लि.**ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**कालिका नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रेडक्रसग्राम, चितवन**

**शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशन मितिः २०८१/१२/१४)**

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित शिलबन्दी दरभाउपत्र आह्वान सूचनाको म्याद भित्र पर्न आएका शिलबन्दी दरभाउपत्रहरुको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही तपसिल अनुसारको शिलबन्दी दरभाउपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| S. N | Bid IFB No. | Name of Projects | Date of First Notice Publication | Quoted Amount with VAT (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 05/Goods/ SQ/KM/ 081/082 | SUPPLY AND DELIVERY OF COPY, PEN AND PENCILS | 2081-10-29 (BS) | 6,97,521.88 | Rimal Enterprises, Kathmandu | |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# सडक दुर्घटना न्यूनीकरणमा चुनौती

बुधबार अर्घाखाँचीमा बस दुर्घटना हुँदा चार जनाको मृत्यु भयो भने २६ जना घाइते भए । नवलपरासीको बर्दघाटबाट अर्घाखाँचीको सुपादेउराली दर्शनका लागि गएको लु २ ख ३०३ नम्बरको बस मन्दिरबाट फर्किने क्रममा शितगंगा नगरपालिका–२ भुवनपाटाको गोरूसिंगे–सन्धिखर्क सडकखण्डमा दुर्घटनामा परेको थियो । आइतबारमात्रै चितवनबाट काठमाडौं आउँदै गरेको हाइस नागढुंगामा दुर्घटना हुँदा एक जनाको मृत्यु, नौ जना घाइते भएका थिए । सोमबार देशका विभिन्न ठाउँमा सडक दुर्घटनाका कारण सात जनाको मृत्यु भयो ।

सडक सुरक्षा जाँचमा कडाइ गर्दा पनि दुर्घटना भने घटेको देखिँदैन । बरु सडक दुर्घटनामै ज्यान गुमाउनेको संख्या पछिल्लोपटक बढ्दो छ । सवारी दुर्घटनामा परी तनहुँमा नौ महिनामा ४८ जनाको मृत्यु भएको तथ्यांक छ । त्यहाँ चालु आर्थिक वर्षको फागुनसम्ममा भएका ४४ वटा सवारी दुर्घटनामा ४८ जनाले ज्यान गुमाएका हुन् । ती दुर्घटनामा ८१ जना घाइते भए ।

लुम्बिनी प्रदेशमा पनि यस्तो घटनाहरू बढ्दो छ । ट्राफिक नियम उल्लंघन तथा सडक दुरावस्थाकै कारण सवारीसाधन दुर्घटना हुँदा देशभर दैनिक सात जनाभन्दा बढीले ज्यान गुमाउँदै आएको विकराल तथ्यांक छ । सवारी दुर्घटना हुने सबैभन्दा ठूलो कारण चालकको लापरवाही तथा कमजोरी देखाइन्छ । यद्यपि मापदण्डविपरीतका सवारीसाधन, कमजोर पूर्वाधारहरू प्रमुख कारण भएको देखिन्छ । सडकमा साइडबार नहुँदा काठमाडौंको धोबीखोलामै कार खसेको थियो । पूर्वाधार कमजोर भएसँगै दुर्घटनाको जोखिम अति उच्च हुन्छ । यसैगरी केही दिनअघि युवाहरूले टोखामा तीव्र गतिमा मोटरसाइकल चलाएका कारण एकजनाको घटनास्थलमै मृत्यु भयो ।

तीव्र गति, लाइसेन्स वितरणमा अनियमितता, ट्राफिक लाइट तथा संकेतको अभाव, साइटबारको अभाव पनि दुर्घटना बढ्नुको प्रमुख कारण हो । सरकारले दुर्घटना न्यूनीकरणका लागि बर्सेनि करोडौं खर्चिने गरेको छ । सहरी क्षेत्रमा एकै ठाउँमा ट्राफिक संकेत, ट्राफिक लाइट, ट्राफिक प्रहरी र ठूलाठूला ट्राफिक जनचेतनाका फ्लेक्स राखे पनि बाह्य क्षेत्रमा खासै ध्यान दिएको पाइन्न । यसैले ट्राफिक अनुशासनको कमी, नियमन अभाव हुँदा ती क्षेत्रमा दुर्घटना बढिरहेको छ । बर्सेनि सडक दुर्घटना न्यूनीकरणका लागि सचेतना अभियानहरू चलाइने पनि ती अभियान दुर्घटना न्यूनीकरणमा भने पर्याप्त नभएको प्रस्टै देखिन्छ । यसैले अबका दिनमा नियमन र पूर्वाधारमा विशेष ध्यान दिऔं, मापदण्डविपरीतका सवारीसाधन चलाउन निषेध गरौं । अनिमात्र दुर्घटना न्यूनीकरण प्रभावकारी हुने छ ।

# कहिले होला महिला स्वास्थ्य स्वयंसेविकाको मूल्यांकन ?



■ अमृता अनमोल

सरकारले स्वास्थ्यमा करोडौं लगानी गरेको छ । हरेक वर्ष आधारभूत र महामारीजन्य रोगविरूद्ध स्वास्थ्य अभियान थपिँदै गएका छन् । स्वास्थ्य अभियान थपिँदै जाँदा स्वास्थ्य स्वयंसेविकाको कामको बोझ पनि थपिँदै गएको छ । पछिल्लो समय किशोरकिशोरी स्वास्थ्य, वृद्धवृद्धा, मृत्यु दर्ता, बसाइँसराइ र जन्मदर्ताको जिम्मा पनि उनीहरूलाई दिइएको छ । तर, ग्रामीण क्षेत्रका दूरदराजसम्म पुगेर स्वास्थ्य अभियान सम्पन्न गर्ने स्वास्थ्य स्वयंसेविकाका लागि भने सरकार सहयोगी छैन ।

रूपन्देहीको सबैभन्दा विकट क्षेत्र हो मर्चवार । मर्चवारको पनि सबैभन्दा दक्षिण सीमाक्षेत्रको गाउँ हो, सम्मरीमाई गाउँपालिका । यही सम्मरीमाई गाउँपालिका-६ मा छ, असुरैना स्वास्थ्यचौकी । असुरैना हेल्थपोस्टमा पुगे भने तपाईंले स्वास्थ्यचौकीसँगै देख्नुहुने छ व्यवस्थित सुत्केरी कुरुवा घर । सुत्केरी हुन आउने महिलाका आफन्त बस्ने ठाउँ नहुँदा समस्या भएपछि २०७९ सालमा स्वास्थ्य स्वयंसेविकाहरूको अगुवाइमा यो कुरुवा घर बनेको हो । कुरुवा घर बनेपछि असुरैनामा गर्भजाँच गराउन र सुत्केरी हुन आउने महिलाको संख्या ह्वात्तै बढेको छ । कुरुवा घर बन्नुअघि यहाँ मासिक १० जनामात्रै महिला प्रसूति हुन्थे । अहिले मासिक ४२ जनासम्म महिलाले यही स्वास्थ्यचौकीमा शिशु जन्माएका छन् । गाउँमा घरमै सुत्केरी हुने र उपचारका लागि टाढाका स्वास्थ्य संस्था जाने चलन हटेको छ ।

कसरी बन्यो त सुत्केरी कुरुवा घर ? गाउँपालिकाका पदाधिकारीका अनुसार मुस्लिम समुदायको बाहुल्यता रहेको यस क्षेत्रमा आठ वर्षअघि २४ घण्टे प्रसूति सेवा सुरु भए पनि सुत्केरी हुने महिला आएनन् । कारण बुझ्न स्वास्थ्य स्वयंसेविकालाई घरदैलो गराइयो । सेवा लिन जानेले बस्ने ठाउँ नहुँदा सुत्केरी हुन जान समस्या हुने गुनासो गरे । स्वास्थ्य स्वयंसेविकाहरूले समस्या समाधान गर्न कुरुवा घर बनाउनुपर्ने प्रस्ताव बनाए । उनीहरू आधारभूत स्वास्थ्य परियोजना र सम्मरीमाई गाउँपालिमा गए । सम्मरीमाई गाउँपालिकाले आठ लाख रूपैयाँ र परियोजनाले पाँच लाख रूपैयाँ लगानी गरे । १३ लाख रूपैयाँ लगानीमा एक कोठा, एक भान्सा, शौचालय र स्नान कक्षसहितको चिटिक्कको कुरुवा घर तयार भयो । अहिले असुरैना हेल्थपोस्टमा असुरैनाका मात्र होइन, सम्मरीमाईका अन्य क्षेत्रबाट पनि सुत्केरी हुन आउँछन् । देखिनेगरी परिवर्तन गरेका यहाँका स्वास्थ्य स्वयंसेविकाहरू अहिले खुसी हुँदै घरघर पुगेर गर्भवती, सुत्केरी र शिशुको स्वास्थ्योपचारमा खटिएका भेटिन्छन् । तर, उनीहरूका लागि कसैले थप सुविधा दिएको छैन ।

नि:शुल्क र नि:स्वार्थ सरकारका स्वास्थ्य अभियानमा खट्ने व्यक्ति हुन् महिला स्वास्थ्य स्वयंसेविका । उनीहरूको पारिश्रमिक छैन तर काम र भूमिकाको सीमा छैन । उनीहरूकै कारण धेरै शिशु मृत्युको मुखबाट बचेका छन् भने धेरै आमाले ज्यान जोगाएका छन् । रूपन्देहीको मायादेवी गाउँपालिका-३ की रुक्सना खातुनको कुरा गरौं । उनी गर्भवती थिइन् । चार महिना सुरु हुँदै थियो, उनी अचेत भइन् । घरमा कोही थिएन । स्वास्थ्य स्वयंसेविका रञ्जना चौधरीले थाहा पाइन् । उनले तत्काल एम्बुलेन्स खोजिन् र कम्हरिया हेल्थपोस्टमा पुऱ्याइन् । तत्काल स्वास्थ्य संस्था पुऱ्याएका कारण उपचारपछि रुक्सना ब्युँतिन् । त्यसपछि लगातार तीन महिना हरेक साता स्वास्थ्य परीक्षण गर्नुपर्ने भयो । रञ्जनाले हरेक हप्ता रुक्सनालाई स्वास्थ्यचौकी पुऱ्याउने र उपचारमा सघाउने काम गरिन् । माघ दोस्रो साता रुक्सनाले सुरक्षित तरिकाबाट स्वस्थ सन्तान जन्माइन् । रञ्जनाको काम अझै सकिएको छैन । उनी अहिले पनि हरेक हप्ता घरमा पुगेर आमा र शिशुको स्वास्थ्य अवस्थाबारे बुझ्छिन् । सो अवस्था स्वास्थ्यचौकीमार्फत स्वास्थ्य कार्यालयमा पठाउँछिन् । रञ्जना १४ वर्षयता यहाँका २८० घरपरिवारका महिला, बालबालिकालगायतको आधारभूत स्वास्थ्य र प्रजनन् स्वास्थ्यको सुरक्षा गरिरहेकी छन् । अहिले पनि उनी मातहत ३१ गर्भवती र १३ सुत्केरी महिला र बालबालिका छन् । कामको बोझ जति थपिए पनि उनलाई सुविधा थपिँदैन ।

महिला स्वास्थ्य स्वयंसेविका नेपालको स्वास्थ्य सुधारका मेरुदण्ड हुन् । उनीहरू निरन्तर ग्रामीण भेग र दूरदराजका बस्तीमा मातृशिशु स्वास्थ्य र आधारभूत स्वास्थ्य सुधारमा खटेका छन् । आफूले काम गरेको समुदाय र देशको स्वास्थ्य प्रणालीलाई जोड्ने पुलको काम गरेका छन् । चिकित्सकको पहुँच नहुने ठाउँमा बालस्वास्थ्य, मातृस्वास्थ्य, प्राथमिक उपचार, राष्ट्रिय खोप अभियानहरू सञ्चालन गर्दै आएका छन् । स्वास्थ्य स्वयंसेविकाले गाउँका घरघरमा पुगेर प्राथमिक उपचारसँगै सुरक्षित मातृत्व, परिवार नियोजन, झाडापखाला, श्वासप्रश्वास नियन्त्रण, पोषण र बालस्वास्थ्य सेवा दिन्छन् । खोप अभियानदेखि आधारभूत स्वास्थ्य कार्यक्रमको प्रवर्द्धन गर्छन् । गर्भवतीलाई गर्भजाँच र सुत्केरी हुन आफैंले स्वास्थ्य संस्था लैजान्छन् । महिला स्वास्थ्य स्वयंसेविकाकै कारण देश आधारभूत स्वास्थ्य सुधार गर्न र मातृशिशु मृत्यु घटाउन सफल भएको छ । सुरक्षित सुत्केरी सेवाको पहुँचलाई बढाउन, ठूलाठूला महामारीजन्य रोगविरुद्धको अभियान सफल पार्न सकेको छ । अभियान सफल भएकामा उनीहरूलाई प्रोत्साहन भने गरिएको छैन ।

स्वास्थ्य अभियानमा नि:स्वार्थ र नि:शुल्क सहयोग गर्न भन्दै तत्कालीन गाविसमा २०४५ र नगरपालिकामा २०५२ सालबाट सरकारले स्वास्थ्य स्वयंसेविकाहरू राख्ने नियम बनाएको हो । अहिलेसम्म देशभरमा करिब ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका छन् । देशका हरेक स्थानीय तहका हरेक वडामा एक जना स्वास्थ्य स्वयंसेविका छन् । उनीहरूले गर्भवती र सुत्केरीसहितको 'स्वास्थ्य आमा समूह' गठन गर्छन् । समूहलाई मातृशिशु र आधारभूत स्वास्थ्यबारे पनि सिकाउँछन् । वास्तवमा समाजमा बोल्न नसक्नेको आवाज, हिंड्न नसक्नेको खुट्टा र सुन्न नसक्नेको इशारा हुन् स्वास्थ्य स्वयंसेविका । यद्यपि, महिला स्वास्थ्य स्वयंसेविकाका मामिलामा 'काम गर ज्यालाचाहिँ दिन्नौं भन्ने राज्यको नीति' छ । यही कारण झण्डै ३६ वर्षअघिदेखि स्वास्थ्य अभियानमा सक्रिय महिला स्वास्थ्य स्वयंसेविकाको काम गर्ने आत्मबल भने गिरेको छ ।

सरकारले स्वास्थ्यमा करोडौं लगानी गरेको छ । हरेक वर्ष आधारभूत र महामारीजन्य रोगविरुद्ध स्वास्थ्य अभियान थपिँदै गएका छन् । स्वास्थ्य अभियान थपिँदै जाँदा स्वास्थ्य स्वयंसेविकाको कामको बोझ पनि थपिँदै गएको छ । पछिल्लो समय किशोरकिशोरी स्वास्थ्य, वृद्धवृद्धा, मृत्यु दर्ता, बसाइँसराइ र जन्मदर्ताको जिम्मा पनि उनीहरूलाई दिइएको छ । तर, ग्रामीण क्षेत्रका दूरदराजसम्म पुगेर स्वास्थ्य अभियान सम्पन्न गर्ने स्वास्थ्य स्वयंसेविकाका लागि भने सरकार सहयोगी छैन । जीवनभर नि:शुल्क काम गर्दा जीविकोपार्जनमा समस्या छ । स्वास्थ्य स्वयंसेविकाहरू दिनरात नभनी काममा खट्छन् । जीवनको उर्वर समय स्वास्थ्य अभियानमा बिताउँछन् । तर राज्यले उनीहरूका लागि केही गरेको छैन । महँगीले सीमा नाघेका बेला अभियानमा खट्दा चिया नास्ता खाने रकमसमेत उनीहरूले पाउँदैनन् ।

देश विकासशील मुलुकमा रूपान्तरण हुँदै छ । स्वास्थ्यका संरचना गाउँगाउँमा पुगेका छन् । स्वास्थ्य स्वयंसेविकाको भूमिका अझै घटेको छैन, बरु बढ्दै छ । सन् २०३० सम्म देशले दिगो विकासको लक्ष्य हासिल गर्ने प्रतिबद्धता जनाएको छ । त्यसमा स्वास्थ्यका धेरै नतिजा स्वास्थ्य स्वयंसेविकाको भूमिकामा जोडिएको छ । हाल एक लाख महिला आमा बन्दा १५१ जनाले ज्यान गुमाउँछन् । सन् २०३० सम्म यो संख्या घटाएर ७० मा झार्नु छ । हाल शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा २१ रहेकामा घटाएर १० बनाउनु छ । बालमृत्युदर प्रतिहजार जीवित जन्ममा २८ जना रहेकामा १२ बनाउनु छ । सस्थागत सुत्केरी ७९ बाट ९० प्रतिशतमा पुऱ्याउने लक्ष्य छ । कुपोषणको दर ३३ बाट १९, पूर्ण खोपको अवस्था ८० प्रतिशतबाट ९५ प्रतिशतमा पुऱ्याउने भनिएको छ । यी सबै लक्ष्य हासिल गर्न थालिएका हरेक काममा स्वास्थ्य स्वयंसेविकाहरू खटेका छन् ।

यतिधेरै जिम्मेवारी पाएका स्वास्थ्य स्वयंसेविकाहरूले संघीय सरकारले पोसाकबापत १० हजार रूपैयाँ र यातायातबापत १२ हजार रूपैयाँ दिन्छ । खोप अभियानका दिन ४०० रूपैयाँ यातायात खर्च पाउँछन् । विकटका स्वयंसेविकालाई यो खर्च आउन जान पनि पुग्दैन । सेवाबाट निस्कँदा २० हजार रूपैयाँ प्रोत्साहनभत्ता भनेर दिने गरेको छ । तर बिरामी वा अशक्त नै भए पनि ६० वर्ष पहिला निस्कने स्वास्थ्य स्वयंसेविकाले यो सुविधा पाउँदैनन् । कम्तीमा २० वर्ष सेवा गरेका स्वयंसेविकालाई पनि प्रोत्साहनभत्ता दिनुपर्ने माग उठ्दै आएको छ ।

महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन गर्न कतिपय स्थानीय तहले साइकल, झोलालगायत वितरण गरेका छन् । सेवा छोड्ने बेलामा केही प्रोत्साहन रकम दिने गरेका छन् । प्रदेश सरकारहरूको भूमिका भने त्यसमा देखिँदैन । स्वयंसेवाका नाममा नि:शुल्क र नि:स्वार्थ स्वास्थ्य अभियानमा खटेका स्वास्थ्य स्वयंसेविकालाई सरकारबाट थप सुविधा र निवृत्तिभरण सुविधा आवश्यक छ । स्वयंसेविकाको कामको मूल्यांकन र तीन तहकै सरकारबाट प्रोत्साहन जरुरी देखिन्छ । *रासस*

श्रम सरोकार

## वैदेशिक रोजगारीमा जाँदा हुने ठगीबाट यसरी जोगिऔं

वैदेशिक रोजगारी नेपालीहरूको बाध्यता बनेको छ । रोजगारीका लागि विभिन्न मुलुकमा जाने क्रममा पाइलापाइलामै ठगिने गरेका घटनाहरू प्रशस्त घटेका छन् । त्यसैले तपाईं वैदेशिक रोजगारीका लागि जाँदै हुनुहुन्छ भने ठगिनबाट जोगिन यी विषयमा ध्यान दिन जरुरी छ:

आफ्नो नागरिकता, पासपोर्ट आफैं बनाउने । वैदेशिक रोजगारको डिमाण्ड बुझ्न इजाजतप्राप्त म्यानपावर कम्पनीमा सीधा सम्पर्क राख्ने । कुनै पनि एजेन्ट, सब एजेन्टहरूसँग सम्पर्क नराख्ने । प्रत्येक त्यस्ता एजेन्ट, सब एजेन्टले कमिसनमा काम गर्ने हुँदा तिनिहरूमार्फत जाँदा कामदारहरूले बढी खर्च तिर्नुपर्ने हुन्छ । रोजगारबारे विस्तृत र आधिकारिक जानकारी म्यानपावर कम्पनीकै जिम्मेवार व्यक्तिबाट लिने ।

विदेशमा कुनै आफन्त या साथी भए उनीहरूमार्फत पनि रोजगारदाता कम्पनीबारे जानकारी लिने । पत्रिकामा निस्किने विज्ञापन र त्यहाँ उल्लेखित जानकारीहरू, तलब, सर्त, सुविधा, खर्च आदिको अध्ययन गर्ने, सत्यता रूजु गर्ने । कम्पनीकै बारेमा कुनै शंका लागे खारेजीमा परेको हो होइन आफैंले सोधपुछ गर्ने ।

स्वास्थ्य परीक्षण गर्न गराउन पनि म्यानपावर कम्पनीले तोकिदिएको संस्थामा जाने, संस्था स्वीकृति प्राप्त हो, होइन, जाँच्न सकिन्छ, यसमा पनि कुनै एजेन्टको सहयोग नलिने । म्यानपावर कम्पनीले तोकेको खर्च केका लागि हो, जायज हो होइन राम्रोसँग बुझ्ने । अन्तरवार्तामा छनोट नभई, सबै कुराहरू रोजगारका सर्त, सुविधा, खर्च आदि आफूलाई चित्त नबुझी पासपोर्ट कसैलाई पनि नदिने ।

सबै कुरा चित्त बुझेर ढुक्क भएपछि मात्र म्यानपावर कम्पनीले मागेको रकम दिने, भिसा लागिसकेपछि मात्र पूरा रकम दिने र बुझाएको सबै रकमको रसिद अनिवार्य लिने । बुझाएको वास्तविक रकमभन्दा कमको रसिद स्वीकार्नु हुँदैन ।

हाल वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति प्राप्त भएपछि मोबाइलमै पनि एसएमएसमार्फत आफ्नो भावी रोजगार गन्तव्यबारे जानकारी लिनसकिने व्यवस्था छ, यो सुविधाको उपयोग गर्ने । एयरपोर्ट जानुअघि नै सबै आवश्यक ११ किसिमका कागजातहरू बुझ्ने, साथमै राख्ने । कुनै पनि बहानामा म्यानपावर कम्पनी या तिनका एजेन्टहरूले अधिकतम रकमभन्दा बढी मागेमा दिनुहुँदैन, दिनैपर्दा सोही रकमको रसिद लिनुपर्दछ । सोही रसिदका आधारमा वैदेशिक रोजगार विभागमा ठगीको अभियोगमा म्यानपावर कम्पनीविरूद्ध उजुरी दिन सकिन्छ ।

# बाँदरको चकचकले भूत आतंक



■ गिरीराज राई

संघीय गणतान्त्रिक नेपालको राजनीतिमा राज्य सञ्चालन गर्ने अराजक नेताहरूको बाँदरे शैलीले इतिहास बनिसकेका राजतन्त्रको प्रेतात्मा फेरि भूत भएर आतंक फैलाउन थालेको छ । जसरी दिन ढल्दै जान्छ, रातको आगमनसँगै भूत पिसाचहरूले विभिन्न रूपमा चहलपहल बढाउन थाल्छन् । कोही राँकेभूत, कोही किचकन्या, वीरमसान, शिक्ला-पुत्ला भई तर्साउने, विभिन्न आकृतिका स्वरूप परिवर्तन गर्ने, सातोपुत्लो लिई प्राणसमेत लिने गरेको गाउँघरमा घटना घटेको सुनेका, देखेका छौं । अहिले त्यसैगरी नेपालका ठूला राजनीतिक दललाई नेतृत्व गरिरहेका मुली नेताको बाँदरे शैलीका कारण भ्रष्टाचार अनिश्चितताले देशविदेशमा बदनामी कमाएका कारण लुकेर बसेका पश्चगामी विभिन्न क्षेत्रका वंश, पण्डित, झाँक्री, जादूगरहरूले धर्मका नाममा संवैधानिक राजसंस्था ब्युँताउन अपरिहार्य भन्दै इन्द्रजाल, टुनामुना गर्दै त्यही चिहानको राजतन्त्रका चिहानबाट मसानको हड्डी खोतलेर जगाउन थालेका छन् ।

गत फागुन २५ गते पूर्वराजा ज्ञानेन्द्र शाह आन्तरिक भ्रमण सकी पोखराबाट काठमाडौं फर्किएयता विभिन्न जादूगरहरू जस्तैः प्रसाईं, लिङ्देन, नेपाल, थापा, सुवेदी, केसी र केही हिन्दूवादीहरूले नेपाल बचाउन र रोजगारको अवसर खुलाउन इतिहासमा संग्रहित राजाका नलीहाड जगाएर राजतन्त्रका नाममा हैन, राजसंस्थाको नाममा ब्युँताउन भनी महाइन्द्रजालको तन्त्रमन्त्र जप्दै सडक सदनमा कुर्लिन थालेका छन् । फेरि यही चैत १५ गतेका दिन प्रसाईंलगायतका जादूगरहरूले राजसंस्थाको स्थापना गर्ने उद्देश्यकासाथ सडकमा चटक देखाउने घोषणा गरेका छन् । गणतन्त्रवादीकातर्फबाट पनि बढ्दो भूत आतंक नियन्त्रण गर्न जवाफ दिने भन्दै सडक आन्दोलनमा उत्रने योजना तयार गरेको सर्वत्र चर्चा छ ।

विद्वान मानिएका कानुनविद्मध्येका अधिवक्ता भद्रप्रसाद नेपाल (स्वागत नेपाल) र राजनीतिक विश्लेषक डा. सुरेन्द्र केसीसमेतको दोकला चरित्रले सर्वसाधारणमा अन्योल छाएको छ । धमिलो पानीमा माछा मार्ने उद्देश्यकासाथ अहिले नेपाली राजनीतिक बजारमा थुप्रै अवसरवादी सल्बलाउन थालेका अनुमान गरिएको छ । शताब्दीयौंदेखिका रैती अर्थात् पशुवत् मानवजीवनबाट रैती गणतन्त्रले जनता बनाएको छ । जनताबाट नागरिक बनी सभ्य मानव बन्ने सोचमा अझै विकासतिर जानुपर्ने छ । त्यसैले भूत प्रेतलाई हटाउन यस्ता काला जादूगरसमेतको विरुद्ध एक हुनुपर्ने देखिन्छ ।

अब नेपाली राजनीति वर्तमान समयको तापक्रमको विवरण नेपाल सरकारमा नेतृत्व गरिरहेका ठूला राजनीतिक दलहरू नेपाली कांग्रेस र नेकपा एमालेको आन्तरिक तापक्रममा केही खटपट भएर खस्कँदो अवस्थामा छ । विभिन्न तह र तप्कामा संस्कार, संस्कृति थाल्नेमाथि संघीय सरकारको प्रत्यक्ष हस्तक्षेपका कारण पाथिभरा (मुक्कुम्लुङ) केवलकार विवादमा सरकारको तर्फबाट सर्वसाधरणमाथि गोली हान्ने कार्य खेदजनक छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको अराजकताले सीमा नाघेको देख्दा प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रले विरोध गर्दा गर्दै हाल सत्तासीन पार्टीको बाँदरे शैलीलाई समर्थन गरिरहेका अनुमान छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)समेत खरो विरोधमा उत्रिँदा सदनको तपक्रम बढ्दो छ ।

जनता समाजवादी नेपाल पार्टीका अध्यक्ष उपेन्द्र यादवसमेतले अध्यादेश, विधेयकमा साथ सहयोग गरेका कारण मन्त्री सिटमा 'बार्गेनिङ' गरी पास गर्न सहमत देखाएको भन्ने प्रस्ट देखिएकोले ओली सरकारको अस्तित्व केही लम्बिएको देखिएका छन् । बढ्दो अराजकताको कारण जनता सरकारको विरोधमा सडकमा आउन तयार छन् । राजतन्त्र हिजो ठीक थियो न भोलि नै ठीक हुने छ । सान्दर्भिक कथा छः 'छोराभन्दा बाबु नै ठीक' । एउटा दाहसंस्कार गर्ने घाटको कर उठाउने बूढाको । बूढा सारै अराजक भएकाले गाउँले आजित थिए । त्यसैले घाटे बूढाको मृत्युपश्चात् केही शान्तिको सास फेर्न पाइएला कि भन्ने आशामा थिए । जन्म, मृत्यु मान्छेको शाश्वत् सत्य हो । मान्छे मरेको लास घाटमा जलाउन लग्थे । तर घाटको कर नतिरी लास बिसाउन पाउँदैनथ्यो । त्यसैले सर्वसाधरणले बूढाको शेषपछि छोराहरू केही उदार होलान्, पैसा नहुनेले बाँकी राखेर भए पनि दाहसंस्कार गर्न पाइएला कि भन्ने आशा गरेका थिए । एक दिन बूढा मर्ने बेला भयो, चार जना छोरालाई बोलाएर आफ्नो अन्तिम इच्छा व्यक्त गरे । 'हेर बाबु हो ! म केहीबेरपछि मर्दै छु । मैले गरिल्याएको व्यवहारका कारण गाउँले रिसाएका छन् । कसैले मन पराउँदैनन्, मलाई सराप्छन् । त्यसैले म मरेपछि तिमीहरूको कर्मले छोराभन्दा त बाबु नै ठीक थियो भन्ने छाप गाउँलेमा बनाऔ । मेरो अन्तिम इच्छा यही हो' भन्दै बूढा बिदा भए ।

छोराहरूले पनि बाबुको मनोकांक्षाको विचार गरेर सल्लाह गरे छन् । बाबुलाई गाउँलेले मन नपराउनुको कारण के हो ? पत्ता लगाऔं । पत्ता लाग्यो, घाटमा कसैले पनि घाटकर नतिरी मुर्दा बिसाउन पाउँदैनथे । अब हामीले त्यस्तो व्यवहार गरौं ! हाम्रो व्यवहारले छोराभन्दा बाबु नै ठीक थियो । अब हामी कोही पनि घाटमा गएर नबस्ने, मान्छे मऱ्यो भन्ने सुन्नासाथ घरैमा गएर घाट कर नतिरी लास उठाउन नदिउँ भन्ने सबैको सहमति भयो । त्यसै गर्न थाले । गाउँलेहरू भोलि आउने सुनौलो बिहानीको आशामा थिए । तर झन् अब त अतीतको भन्दा पनि अराजक हुन थाल्यो ।

सबैले भन्न थाले छोराहरूभन्दा त बाबु नै ठीक थियो । बाबुको पालामा त लास कमसेकम घाटसम्म लैजान पाइन्थ्यो । छोराहरूले त मान्छे मरेको सुन्नासाथ घरैमा आई घाट कर नतिरी लास उठाउन दिँदैनन् । छोराहरूलाई अब यस घाटकरको उत्तराधिकारीमात्र होइन, गाउँ समाजबाट नै खेद्नुपर्छ भनी सबै एक भएर आन्दोलित हुन थाले ।

यो कथामा जस्तै व्यवहार भएका नेता नेतृत्वलाई नामेट बनाएर खेद्नु नपरोस् । जीवजन्तु सबैको मृत्यु हुन्छ तर त्यसले अर्कोलाई सकारात्मक, नकारात्मक असर पारेको हुन्छ । प्राणी मरे वनस्पतिलाई मल होला । वनस्पति मरे प्राणीलाई कुनै तरिकाको सकारात्मक वा नकारात्मक असर देला । विचार गर नेता मित्र हो । कर्मअनुसारको फल मिल्छ । सत्ता र शक्तिको दम्भले होइन, बुद्धि र विवेकले राजनीति गर । अराजक र कूटनीतिले मात्र हैन, देशलाई घर जनतालाई आफ्नो परिवारका समान सदस्य हुन् भन्ने सम्झँदै सभ्य संस्कार र संस्कृतिको पथ अवलम्बन गर, यसैमा तिमीहरूको भलाइ हुने छ । जय मातृभूमि !

# बेनी–जोमसोम सडकका बेलिब्रिज जोखिममा



**म्याग्दी–** क्षमताभन्दा बढी तौलका मालबाहक सवारीसाधन गुडाउँदा बेनी-जोमसोम-कोरला सडकका बेलिब्रिज जोखिममा परेका छन् । बढी तौलका सवारीसाधन गुडाउँदा बेलिब्रिज जीर्ण बन्नुका साथै दुर्घटनाको जोखिम बढेको हो ।

बेलिब्रिजमा क्षति हुँदा अन्तरदेशीय व्यापारिक कोरलानाका जोड्ने सडकमा यातायात ठप्प हुन्छ । बेनी-जोमसोम खण्डअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ भुरुङ खोला, वडा नं ३ दानाको रूपसेखोला, बेनी र पर्वतको बगरफाँटको सिमाना कालीगण्डकी, मुस्ताङको कोवाङ, बोक्सी र टुकुचेको थापाखोलामा बेलिब्रिज छन् । ती बेलिब्रिजको भारबहन क्षमता अधिकतम १८ मेट्रिकटन हो ।

एक पटकमा एउटामात्र सवारीसाधन तार्न मिल्ने बताउँदै निर्माण र खाद्यसामग्री बोकेका १८ मेट्रिकटनभन्दा बढी तौल भएका ट्रक, टिपर, लरी, टेलर बेलिब्रिजबाट तारिँदा भाँचिने र भत्किने जोखिम बढेको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख राजकुमार केसीले उल्लेख गरे ।

क्षमताभन्दा बढी तौलका सवारीसाधन बेलिब्रिजबाट गुडाउँदा दुर्घटनाको जोखिम बढेकाले निगरानी थालिएको उनले जानकारी दिए । 'भार थाम्न नसकेर बेलिब्रिज भाँचिने र भत्किने जोखिम बढेपछि केही दिनदेखि म्याग्दीबाट मुस्ताङ जाने सवारीसाधनलाई पोखरेबगर र मुस्ताङबाट बेनीतर्फ आउने बेलिब्रिजको क्षमताभन्दा बढी तौलका सवारीसाधनलाई जोमसोम रोक्न थालेका छौं,' उनले भने, 'बढी तौलका सामान झारेर हलुका बनाउँदै र पालो गरी तार्ने गरिरहेका छौं ।'

स्तरोन्नतिको क्रममा रहेको बेनी-जोमसोम-कोरला सडकका पक्की पुल निर्माण नभएका ठाउँमा अस्थायीरूपमा सवारीसाधन आवतजावतका लागि बेलिब्रिज जडान गरिएको छ । बेनी-जोमसोम-कोरला आयोजनाले बेलिब्रिजहरूमा क्षमताभन्दा बढी तौलका सवारीसधान सञ्चालन नगर्न आवश्यक जानकारीसहित सूचना बोर्ड राखिएको जनाएको छ । *रासस*

# उपचारको गन्तव्य बन्दै प्राकृतिक चिकित्सालय

**मध्यविन्दु (नवलपरासी)–** यहाँको देवचुली नगरपालिका-१७ रजहरस्थित सामुदायिक प्राकृतिक चिकित्सालय पछिल्लो समय स्वास्थ्य उपचारको गन्तव्य बनेको छ । प्राकृतिक चिकित्सा, योग, आयुर्वेद तथा स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने यस केन्द्रमा सर्वसाधारण मात्र नभई सरकारी अधिकारी, राजनीतिक दलका नेताहरू, कलाकार, व्यवसायी तथा अन्य विशिष्ट व्यक्तिहरू उपचारका लागि आउने गरेका छन् ।

प्राकृतिक चिकित्सालयमा उपचारका लागि आएका नेकपा माओवादी केन्द्रका उपमहासचिव एवं पूर्वअर्थमन्त्री वर्षमान पुन र पूर्वसभामुख ओनसरी घर्ती १३ दिनको प्राकृतिक उपचारपश्चात् मंगलबार फर्किएका छन् । कम्मरमा दुखाइका कारण हिँडडुल गर्न समस्या भएपछि प्राकृतिक उपचारका लागि आएका उनी निको भएर फर्कन लागेको बताए ।

यहाँ आधुनिक औषधिको सट्टा प्राकृतिक तथा वैकल्पिक उपचार पद्धति अपनाइनाले उपचारका लागि धेरैको आकर्षण बढेको हो । पूर्वसभामुख ओनसरी घर्तीका अनुसार यहाँको उपचार विधि तनावमुक्त जीवनशैली, प्राकृतिक उपचार, स्वास्थ्यकर खानपान, र योग साधनामा केन्द्रित छ । प्राकृतिक चिकित्सालयमा सर्वसाधारणसँगै विशिष्ट व्यक्तिहरू उपचारका लागि आएका सो चिकित्सालयका व्यवस्थापक हरि सापकोटाले जनकारी दिए । केही वर्षयता यहाँ विदेशी पर्यटक तथा प्राकृतिक चिकित्सा रुचाउने विदेशीहरू पनि आउन थालेका छन् ।



वि.सं. २०६४ मा महायज्ञमार्फत संकलित रकमबाट स्थापना गरिएको प्राकृतिक चिकित्सालयमा सेवा लिन मुलुकभित्रका मात्रै नभई भारत, क्यानडा, अमेरिका, फ्रान्स, बेल्जियम, अस्ट्रेलिया, दक्षिण कोरिया, न्युजिल्यान्ड, जापान, नर्वे, इजरायललगायतका देशबाट उपचारका लागि बिरामी आउने गरेका छन् । तत्कालीन समयमा ५२ शयचाबाट सुरु गरिएको संस्थामा हाल ३०० शयचाको क्षमता रहेको छ ।

'अन्य उपचार पद्धतिबाट निको नभएका बिरामीले पनि यहाँ उपचारपछि पुनः जीवन पाएका उदाहरण छन्,' व्यवस्थापक सापकोटाले भने, 'सर्जरीबाहेकका रोग निको पार्न सकिने प्राकृतिक चिकित्सालाई दिगो रूपमा टिकाउन सरकारले नीतिगत सहजताका साथै बजेट विनियोजन गर्नुपर्छ ।' चिकित्सालयमा बिरामीका लागि उपचार, आवास र खाना गरी दैनिक एक हजार १०० रूपैयाँ शुल्क तोकिएको छ । कूल ५० जना जनशक्ति रहेको चिकित्सालयमा मासिक १५ लाख रूपैयाँ खर्च रहेको व्यवस्थापक सापकोटाको भनाइ छ । 'चिकित्सालयमा हालसम्म ५० हजार जनाको सफल उपचार गरिसकिएको छ,' उनले भने ।

प्राकृतिक चिकित्सा उपचार विधिले शरीरमा नकारात्मक असर नपर्ने चिकित्सालयका चिकित्सक डा. आजाद पुरीले बताए । प्राकृतिक चिकित्सा र योगमा प्रतिरक्षात्मक, उपचारात्मक र निधानात्मक तीनवटै आयाममा उपचार गरिने र यसले जटिल, दीर्घरोग हुने बाटो नै बन्द गर्ने डा. पुरीको भनाइ छ । *रासस*

# लुम्बिनीका विद्युतीय सवारीलाई हरियो नम्बर प्लेटमा परिवर्तन गर्न अदालतको परमादेश

**मर्चवार (लुम्बिनी)–** उच्च अदालत तुलसीपुर, बुटवल इजलासले लुम्बिनी विकास कोष मातहत रहेका विद्युतीय सवारीलाई हरियो नम्बर प्लेटमा परिवर्तन गरी सञ्चालन गर्न परमादेश जारी गरेको छ । न्यायाधीशद्वय राजेश्वर तिवारी र पुण्यशिला दवाडी घिमिरेको संयुक्त इजलासले लामो समयदेखि अलपत्र अवस्थामा रहेका ती सवारीसाधनलाई हरियो नम्बर प्लेटमा रूपान्तरण गरी पर्यटन प्रयोजनका लागि सञ्चालन गर्न परमादेश जारी गरेको हो ।

एसियाली विकास बैंकको 'ग्रिन इनर्जी फण्ड'बाट नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत वि.सं. २०७८ मा लुम्बिनी बिकास कोषलाई पर्यटन प्रयोजनका लागि हस्तान्तरण भएका पाँच बस र १४ भ्यानसहित १९ विद्युतीय गाडीलाई सेतो नम्बर प्लेटबाट हरियो नम्बर प्लेटमा परिवर्तन गरी उद्देश्यअनुसार सञ्चालन गर्न उच्च अदालतले एक महिनाको समय सीमा तोकेको छ ।

'सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को अनुसूची २ को भाग १ को खण्ड 'ख' बमोजिम सेतो नं. प्लेटमा भएका ती सवारीसाधनलाई हरियो नं. प्लेटमा परिवर्तन गर्न सकिने कानुनीमार्ग उपलब्ध रहिरहेको हुँदा सोही मार्ग अवलम्बन गरी प्रस्तुत आदेशको जानकारी प्राप्त गरेको मितिले एक महिनाभित्र उक्त सवारीसाधनलाई हरियो नं. प्लेटमा परिवर्तन गरी पर्यटन प्रयोजनका लागि सञ्चालनमा ल्याउनू भनी विपक्षीको नाउमा परमादेश जारी हुने छ,' अदालतको आदेशमा लेखिएको छ ।

लुम्बिनी प्रदेश सरकार, यातायात व्यवस्था मंत्रालय, लुम्बिनी विकास कोष, लुम्बिनी, यातायात व्यवस्था कार्यालय बुटवल र जिल्ला प्रशासन कार्यालय रूपन्देहीसमेतलाइ विपक्षी बनाइ मधेस मानवअधिकार गृह (माहुरी होम)का तर्फबाट राम विकास चौधरीसमेतले दायर गरेको रिट निवेदनमा अधिवक्ताद्वय रेशम अधिकारी र बाबुराम भुसालले निवेदकको पक्षमा बहस गरेका थिए । साथै विपक्षी कार्यालयहरूको तर्फबाट मुख्य महान्यायधिवक्ता यमलाल खनाल, वरिष्ठ अधिवक्ता लिलाधर मरासिनी, सहायक न्यायाधिवक्ता रमेश पोखरेल र अधिवक्ता पार्वती अधिकारीले बहस गरेका थिए ।

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहमति, लुम्बिनी प्रदेश सरकारको निर्णय तथा सार्वजनिक लेखा समितिको निर्देशनअनुसार नम्बर प्लेट परिवर्तन गरिनुपर्ने भए पनि यातायात व्यवस्था कार्यालय, बुटवलले कार्यान्वयन नगरेका कारण ती सवारी लामो समयसम्म सञ्चालनमा आउन नसकेको लुम्बिनी बचाउ महाअभियानका संयोजक अकराम खाँले बताए ।

'लुम्बिनी विकास कोषले २०७९ सालमै प्रतिवेदन तथा कार्यविधिको मस्यौदा तयार पारेको भएता पनि नम्बर प्लेट परिवर्तन नभएकाले कार्यान्वयन हुन सकेको थिएन,' रिट निवेदक तथा लुम्बिनी बचाउ संघर्ष समितिका सदस्य मेघनाथ आचार्यले भने, 'परमादेशसँगै कोषलाई अब आवश्यक परिवर्तन गरी विद्युतीय बस तथा भ्यान सञ्चालन गर्न बाटो खुलेको छ ।' *रासस*


**मोटरसाईकल हरायो**

मिति २०८१/११/१६ गते गोकर्णेश्वर न.पा. वडा नं. ८, फूलबारीमार्गबाट **PULSAR 200 NS** को कालो रातो रंगको मोटरसाईकल राति ८:०० बजेदेखि बिहान ६:३० बजेभित्रको समयमा हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न सम्पर्क नम्बरमा खबर गरिदिनुहोला ।

**सवारीधनी:** अरुण अधिकारी
**मोटरसाईकल नं.** बा.प्र.०२-०५३ प ६५९५
**Engine No.:** JLXCRE86146
**Chasis No.:** MD2A36FXORCE97692
**सम्पर्क नं.:** 9803210094



**युएइमा रोजगार** कम्पनी : ASIA PRIME GENERAL CONTRACTING CO. L.L.C - DUBAI BRANCH

पूर्व स्वीकृति मिति : २०८१/१२/१३ | LT. No. 321062 | चलानी नं. ६०२३५१६९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 100 | 1 | 1050 | ३९,२८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason. | 50 | 2 | 1200 | ४४,९०२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २१ गते (3rd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | रोजगारदाताले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 498/061/62
KOSHI INTERNATIONAL SERVICES PVT. LTD.
Koshi Villa, Furtiman Marga, Bishalnagar (Near Finland Embassy), KMC-4, T: 977-1-4423603/4423604, Mob: 984-1376648, 9851041549, Email:- koshi.labourdesk@gmail.com, Web: www.Koshiinternational.com



**युएइमा रोजगार** कम्पनी : CHOIS NEXUS PROPERTY CARE

पूर्व स्वीकृति मिति : २०८१/१२/१३ | LT. No. 321109 | चलानी नं. ६०२३५१९०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 9 | 0 | 1000 | ३७,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २१ गते (3rd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LEADERS श्रम ईजाजत नं.१६१५/०७९/०८०
Leaders International Recruitment Agency Pvt. Ltd
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748, Email: leadersnepal1615@gmail.com



**युएइमा रोजगार** कम्पनी : Integrated Parking Services LLC

पूर्व स्वीकृति मिति : २०८१/१२/१३ | LT. No. 321087 | चलानी नं. ६०२३५२११

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Controller / Attendant Ticketing (Male Only) | 100 | 0 | 1000 | ३७,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २१ गते (3rd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 948/067/068
Opus Manpower Pvt. Ltd. (Mimosa Overseas Pvt.Ltd)
Samakhusi, Townplanning-26, Kathmandu Near Big Mart , Landline No : 01-4957256, Mob:9851100368, 9812569634 E-mail info@opusmanpower.com



**साउदीमा रोजगार** कम्पनी : SUHA ALI ABD RABBUH SALIM TRAVEL and TOURISM EST

पूर्व स्वीकृति मिति : २०८१/१२/१३ | LT. No. 321115 | चलानी नं. ६०२३५१८५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaner | 1 | 0 | 1200 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २१ गते (3rd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०



**कुवेतमा रोजगार** कम्पनी : Sanabel Al Khair Public Facilies Management Co.

पूर्व स्वीकृति मिति : २०८१/१२/१३ | LT. No. 321085 | चलानी नं. ६०२३५२२७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 4 | 2 | 90 | ४०,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २१ गते (3rd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1543/078/079
Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np



**बहराइनमा रोजगार** कम्पनी : MEGA CAR WASH

पूर्व स्वीकृति मिति : २०८१/१२/१२ | LT. No. 321041 | चलानी नं. ६०२३५१७९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carwash | 12 | 0 | 120 | ४३,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २१ गते (3rd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | १०,००० | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paradeshi Overseas Services Pvt. Ltd.
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060



**कतारमा रोजगार** कम्पनी : QATAR INTERNATIONAL TRADING AND INVESTMENT

पूर्व स्वीकृति मिति : २०८१/१२/१३ | LT. No. 320997 | चलानी नं. ६०२३५१९५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 5 | 10 | 1000 | ३७,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २१ गते (3rd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1078/073/74
SKY STAR RECRUITMENT PVT LTD
Sukedhara- 4, Kathmandu, Nepal, T: 01-5902344 / 5902346
Email:- sky.starlabourdept@gmail.com, Web: www.skystarrecruitment.com



**युएईमा रोजगार** कम्पनी : EMFAM SUPER CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१२/१३ | LT. No. 321133 | चलानी नं. ६०२३५१८६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 5 | 1000 | ३७,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hotel Cleaner | 15 | 5 | 1000 | ३७,४२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २१ गते (3rd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



**साउदीमा रोजगार** कम्पनी : ONE PERSON COMPANY WITH YOU FOR OPERATION AND MAINTENANC

पूर्व स्वीकृति मिति : २०८०/१०/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१३ | LT. No. 299020 | चलानी नं. ६०२१४००१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 75 | 0 | 1000 | ३६,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SFECC General Contracting Co. Ltd.

पूर्व स्वीकृति मिति : २०८१/१२/१३ | LT. No. 321136 | चलानी नं. ६०२३५१९३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD AND UNLOAD LABOUR | 3 | 0 | 1000 | ३६,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २१ गते (3rd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १४००/०७४/०७५
Pashupati HR Solution Pvt. Ltd.
Pingalasthan, Gaushala, Kathmandu, Nepal,
Tel No. 014588454,E-mail : pashupatihr17@gmail.com, www.pashupatihr.com.np



**युएइमा रोजगार** कम्पनी : Careerline for Employment

पूर्व स्वीकृति मिति : २०८१/०८/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१३ | LT. No. 314987 | चलानी नं. ६०२२९३४५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 34 | 0 | 800 | २९,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 48 | 0 | 1200 | ४४,९०० | | | | | | | |
| 3 | Mason (Nepal) | 50 | 0 | 1200 | ४४,९०० | | | | | | | |
| 4 | Steal Fixer | 50 | 0 | 1200 | ४४,९०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २१ गते (3rd April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

साथै, यस म्यानपावरमा मलेसियाको Security Guard को लागि ठूलो संख्यामा माग आएको हुँदा इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्न सक्नुहुनेछ ।

श्रम ईजाजत नं. ११३०/०७३/०७४
Rasuwa Overseas Pvt. Ltd.
Airport, Kathmandu, Nepal, Tel:. +977-5906439/5906448
Suresh Lama 9840557986 / Dinesh Lama 9851354485, E-Mail : rasuwaoverseas@gmail.com, Website : www.rasuwaoverseas.com


## कैलारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**हसुलिया, कैलाली**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८१/१२/१४**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८१/११/१२ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मूल्यांकन हुदा तपशिल बमोजिमको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (१) बमोजिम न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही भई विभिन्न मितिमा बसेको वैठकको निर्णय अनुसार स्वीकृतको लागि छनौट भएकोले सार्वजनिक खरीद ऐनको दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो सात (७) दिनको सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | कबोल रकम रु. (भ्याट बाहेक) | बोलपत्रदाताको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|
| KRM/NCB/W/ 2081-082/08 | Construction of Pragati Rajwar Maruwa Samudayak Bhawan Nirman | २५,०६,१३२.०७/- | श्री डि.जे. निर्माण सेवा धनगढी-१८, कैलाली | |




## ओम प्रतिकको 'मोअर' साउनमा रिलिज हुने

ओम प्रतिक निर्देशित फिल्म 'मोअर' को प्रदर्शन आगामी साउनमा हुने भएको छ। वितरकसँगको छलफलबाट फिल्मको रिलिज साउन २३ गते तय भएको निर्देशक प्रतिकले जानकारी दिए। फिल्ममा पल शाह, बेनिशा हमाल, नीति शाह, अर्जुनजंग शाही लगायतका कलाकारको मुख्य भूमिका छ। चुम्बनजंग शाहीको निर्माण रहेको फिल्मको कथा समेत निर्देशक प्रतिककै हो। दिपेन बस्न्यातको छायांकन, सुरेश अधिकारी र एसडी योगीको संगीत, कुमार महर्जनको एक्सन रहेको फिल्मको कथावस्तुबारे अहिलेसम्म केही खुलाइएको छैन।





# सकियो 'अन्तर्राष्ट्रिय नाट्य महोत्सव'



■ प्रभाव संवाददाता

**काठमाडौं –** यही चैत ६ गतेदेखि काठमाडौं थापागाउँस्थित मण्डला नाटकघरमा जारी 'नेपाल अन्तरराष्ट्रिय नाट्य महोत्सव (नेटफिस्ट)' सम्पन्न भएको छ।

एकसाता चलेको महोत्सवको अन्तिम दिन मंगलबार साँझ अमजद परवेजले निर्देशन गरेको मैथिली नाटक 'सामा चाको सामा चाको अहिवा हे' मञ्चन भएको थियो। 'सामाजिक रूपान्तरणका लागि रंगमञ्चः रैथाने ज्ञानको उज्यालो' नारासँगै सुरू भएको महोत्सवमा रंगमञ्चसँगै कला संस्कृति, चलचित्र, मिडिया, नीति, राजनीतिलगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको महोत्सव निर्देशक दयाहाङ राईले जानकारी दिए।

'महोत्सवमा भएका मञ्चन, प्रस्तुति र दर्शकको उत्साहजनक सहभागिताले निरन्तरता दिन ऊर्जा थपेको छ। हामीलाई पुरानो पुस्ताले आफ्नो ज्ञान र अनुभव हस्तान्तरण गर्ने कोसिस गरेका छौँ। नयाँ पुस्तामा देखिएको ऊर्जा हाम्रो पुस्ताका लागि प्रेरणा हो', उनले भने। विश्वभरका कलाकार र नेपाली कलाकारले एक अर्काको कामबाट सिक्ने अभ्यासका रूपमा सञ्चालन भएको महोत्सवमा विभिन्न देशबाट सयभन्दा बढी कलाकार सहभागी भएका थिए।

बाह्र देशका १७ नाटक सहभागी भएको महोत्सवमा जापान र नेपालको 'कन्दाता एन्ड शकुन्तला', भारतको 'एबओर्जिनल क्राइ' र 'तमासा', चीनको 'मोचौ मोचौ', ट्युनिसियाको 'एसेच', इरानको 'एन्टिगोनी', लिथुवानीया र स्पेनको 'अराइभ्ड', चीनको 'चार्मिङ जिञ्जु ओपेर एपिसोड्स'लगायत मञ्चन भएका थिए।

# 'अञ्जिला हरेक खेलाडीको कथा हो'



■ प्रभाव संवाददाता

**काठमाडौं –** अखिल नेपाल फुटवल संघ (एन्फा) का अध्यक्ष पंकजविक्रम नेम्वांगले चलचित्र 'अञ्जिला' मा देखाइएको संघर्ष हरेक खेलाडीको जीवनीसँग मिल्ने बताएका छन्। मंगलवार ललितपुरको लाविम मलमा रहेको एक चलचित्र भवनमा नेपाली राष्ट्रिय महिला फुटवल टिमकी कप्तान तथा गोलरक्षक अञ्जिला तुम्बापो सुब्बाको जीवनीमा आधारित चलचित्र 'अञ्जिला' हेरेपछि अध्यक्ष नेम्वांगले चलचित्रले खेलमा आफ्नो भविष्य देख्नेलाई प्रेरणा दिने बताए।

उनले भने, 'चलचित्रमा देखाइएको पात्रले हाम्रो सबै खेलाडीको प्रतिनिधित्व गर्छ, कप्तान सुब्बाको जस्तो संघर्ष गरेर धैरै खेलाडीले गर्नुभएको छ। यहाँ हामीले आफ्नो बच्चा पनि लिएर आएका छौँ, किनकी चलचित्रले उनीहरूलाई लक्ष्य प्राप्तिका लागि मेहनत गर्न प्रेरणा दिन्छ। यो हरेक खेलाडी हेर्नु पर्ने चलचित्र बनेको छ।'

उनले खेलाडीको विषयमा चलचित्र बन्नु प्रसंशनीय रहेको बताउदै निर्माता प्रेमकुमार श्रेष्ठ र निर्देशक मिलन चाम्सलाई धन्यवाद दिए। कप्तान सुब्बाका धर्मपिता समेत रहेका निर्माता श्रेष्ठले यसचलचित्रको सफलताले आगामी दिनमा खेलाडीको विषयमा चलचित्र बनाउन अन्यलाई पनि प्रोत्साहित गरेको बताए।

'नेपालमा खेलाडीका विषयमा बनेका चलचित्रले व्यावसायिक सफलता आर्जन गर्न नसकेका कारण अन्य निर्माताले लगानी गर्न सक्नुभएको थिएन, यद्यपि अञ्जिलाको सफलताले उहाँहरूलाई हौसला दिएको छ। मैले कप्तान सुब्बालाई लिएर देखेको सपना पनि छिटै पूरा हुने भएको छ', निर्माता श्रेष्ठले भने।

चलचित्रका निर्देशक चाम्सले धैरै खेलाडीको कथा चलचित्रमा आउन योग्य रहेको बताए। 'अब आउँदो समयमा खेलाडी वा खेलको विषयमा चलचित्र बन्ने छ, मैले केही चलचित्रको छलफल भएको सुनेको छु। यो एउटा खेलप्रेमीका लागि पनि सुखद खबर हो', निर्देशक चाम्सले भने।

आयोजित विशेष प्रदर्शनीमा एन्फाका महासचिव किरण राई, पूर्व कप्तान हरि खड्का र विराज महर्जन, खेलाडी संघका अध्यक्ष विक्रम लामा, महिला फुटवल संघका केन्द्रीय सदस्य पेमा लामा र विना श्रेष्ठ, राष्ट्रिय महिला फुटबल टिमको म्यानेजर विन्द्रा देवानलगायत उपस्थित थिए। नेपालमा यो चलचित्र गत फागुन २९ देखि प्रदर्शनमा आएको हो।

# सलमानको 'सिकिन्दर'माथि सेन्सर बोर्डको कैंची

■ प्रभाव संवाददाता

**मुम्बई–** सलमान खान र रश्मिका मन्डन्ना अभिनित फिल्म 'सिकन्दर' को रिलिजको प्रतिक्षा भइरहेको छ।

तर, सेन्सर बोर्डले फिल्म सिकन्दर माथी कैची लगाउँदै केही बिषयमा प्रतिबन्ध लगाएको खबर आइरहेको छ। यस फिल्मबाट केही शब्दहरू हटाउन भनिएको छ र फिल्मको चल्ने समय पनि खुलाएको छ।

एक रिपोर्टका अनुसार फिल्म 'सिकन्दर' मा 'गृहमन्त्री' लाई 'होम' शब्द हटाउन भनिएको छ र एउटा राजनीतिक दलको होर्डिङ धमिलो पारिएको छ।

राम्रो कुरा के छ भने एक्सन दृश्यहरूमा कुनै परिवर्तन गरिएको छैन। फिल्म 'सिकन्दर'को रनटाइम पनि तय भएको छ। फिल्मको कुल समय २ घण्टा ३० मिनेट ८ सेकेन्ड छ।

'सिकन्दर' साजिद नाडियाडवालाले निर्माण गरेका हुन् भने निर्देशन ए आर मुरुगादासले गरेका छन्। सलमान खानसँग रश्मिका मन्डन्ना पनि मुख्य भूमिकामा छिन्।

सलमानले हालै खुलासा गरे कि मुरुगादासले उनलाई एक्शन दृश्यका लागि धेरै प्रेरित गरेका थिए र उनले फिल्मको लागि बिहान सबेरै सुटिङ गराएका थिए। जुन उनले यसअघि कहिल्यै गरेका थिएनन्।

यस फिल्ममा एसद्वारा उत्कृष्ट छायांकन गरिएको छ। यो फिल्म थिरुनावुक्रासुले निर्देशन गरेका हुन्। सिकन्दरका सबै उत्कृष्ट गीतमा प्रीतमको संगीत रहेको छ भने पृष्ठभूमि संगीत सन्तोष नारायणनको रहेको छ। फिल्म 'सिकन्दर' सलमान खानका फ्यानका लागि इदको उत्कृष्ट उपहार हुनेछ।

फिल्म सिकन्दरको ट्रेलर हालै सार्वजनिक भएको छ भने फिल्मका धेरै गीतहरू पनि रिलिज भएका छन्, जसमा सलमान खान र रश्मिका मन्डन्नाको रोमान्टिक स्टाइललाई फ्यानहरूले रुचाएका छन्। अब उनीहरू ३० मार्चको प्रतिक्षामा छन्।



**मेयर कप भलिबल**

# महालक्ष्मी र नीलकण्ठ तथा महांकाल र ललितपुर फाइनलमा



■ प्रभाव संवाददाता

**जावलाखेल–** ललितपुर महानगरपालिकाको १०६औं वार्षिकोत्सब अवसरमा आयोजित अन्तरपालिका मेयर कप महिला तथा पुरुष भलिबल प्रतियोगिताको फाइनल समीकरण पूरा भएको छ। बुधबार सेमिफाइनलका खेल सम्पन्न भएसँगै उपाधिका लागि भिड्ने टोलीको टुंगो लागेको हो।

जावलाखेल भलिबल प्रशिक्षण केन्द्र कभर्डहल जावलाखेलमा जारी प्रतियोगितामा महिलातर्फ नीलकण्ठ नगरपालिकाले आयोजक ललितपुर महानगरपालिका तथा महालक्ष्मी नगरपालिकाले बिगु गाउँपालिकालाई हराउँदै उपाधि नजिक पुगेका हुन्। नीलकण्ठले ललितपुरलाई २५-२० २५-२१ र ३३-३१ को सेटमा पराजित गर्‍यो। अर्को सेमिफाइनलमा महालक्ष्मीले बिगुलाई २५-२०, २५-१९ र २५-११ को सेटमा हरायो।

उपाधिका लागि अब महालक्ष्मी र नीलकण्ठ भोलि बिहान १० बजे खेल्ने छन् भने सेमिफाइनलमा पराजित ललितपुर र बिगुले तेस्रो स्थानका लागि बिहान ८ बजे प्रतिस्पर्धा गर्नेछन्।

यता, पुरुषतर्फ उपाधिका लागि आयोजक ललितपुरले महांकालको सामना गर्नेछ। फाइनल खेल दिउँसो २ बजे हुनेछ। ललितपुरले मन्थली ए लाई २५-१६, २५-२१, २०-२५ तथा २५-१९ ले हराउँदै उपाधि नजिक पुगेको हो। अर्को सेमिफाइनलमा मेलुङ गाउँपालिकालाई ३-० को सोझो सेटमा हराउँदै महांकाल उपाधि नजिक पुग्यो। पहिलो सेट २५-१५, दोस्रो सेट २५-९ र तेस्रो सेट २५-१९ ले आफ्नो पक्ष्यमा पार्‍यो।

सेमिफाइनलमा पराजित मन्थली ए र मेलुङले तेस्रो स्थानको लागि बिहवार दिउँसो १२ः१५ बजे प्रतिस्पर्धा गर्नेछ। प्रतियोगिताको विजेताले दुवैतर्फ दुई लाख पाउनेछन्। उपविजेता एक लाख, तेस्रो हुनेले ५० हजार पाउनेछन्। जारी प्रतियोगितामा महिलातर्फ ८ टिमको सहभागिता रहेको थियो भने पुरुषतर्फ १४ टिमको सहभागि थिए।

प्रतियोगितामा बिधागततर्फ सर्वोत्कृष्ट खेलाडीले १० हजार, वेस्ट स्पाईकर, वेस्ट ब्लकर, वेस्ट लिबेरो र वेस्ट प्रशिक्षकले समान ५ हजार पाउनेछन्।

# पञ्चकन्या जिल्लास्तरीय क्रसकन्ट्री दौड

■ प्रभाव संवाददाता



**काठमाडौं–** नुवाकोटको पञ्चकन्या गाउँपालिकामा चैत ३० गते दोस्रो संस्करणको पञ्चकन्या जिल्लास्तरीय क्रसकन्ट्री दौड प्रतियोगिता हुने भएको छ।

पञ्चकन्या जनकल्याण युवा समाजको आयोजनामा दौड प्रतियोगिता हुन लागेको हो। प्रतियोगितामा पुरुष/महिला खुला १० किमी र पञ्चकन्या पालिकास्तरीय छात्र/छात्रातर्फ ५ किमी दुरीमा दौड हुनेछ।

खुला दौडतर्फ पुरुष र महिला दुवैका विजेता खेलाडीले २२ हजार, दोस्रो हुनेले १६ हजार र तेस्रो हुनेले १० हजार पाउनेछन्। ५ किमी दुरीको छात्रछात्रा दौडतर्फ विजेता हुनेले ११ हजार, दोस्रो हुनेले ७ हजार र तेस्रो हुनेले ४ हजार रूपैयाँ पुरस्कार प्रदान गरिने छ। पञ्चकन्या गाउँपालिकाको कार्यालय लाकुरीभन्ज्याङबाट सुरु हुने दौड 'घ्याङस्वाँरा सहिद स्मारक पर्यटकीय पार्क' पुगेर सोही रुट घलेभन्ज्याङ आएर सकिनेछ।

गत वर्ष फागुन ५ मा भएको पञ्चकन्या क्रसकन्ट्री दौडमा पञ्चकन्या-३ की एलिसा तामाङ र लिखु गाउँपालिका-४ का सुदीप राई च्याम्पियन बनेका थिए। महिला ११ किमि दूरी एलिसाले १ घन्टा १३ मिनेट ४१ सेकेन्ड र पुरुषतर्फ सुदीपले ४७ मिनेट १४ सेकेन्डमा दौड पूरा गर्दै उपाधि जितेका थिए। पञ्चकन्या पालिकास्तरीय छात्रछात्रा ५ किमि दौडमा पञ्चकन्या-१ की सविना राईले ३४ मिनेट १३ सेकेन्डबाट छात्रातर्फ र किरण तामाङले २३ मिनेट १३ सेकेन्डबाट छात्रतर्फ उपाधि जितेका थिए।

नेपालका कीर्तिमानी म्याराथन धावक वैकुण्ठ मानन्धरलाई नगदसहित सम्मान गरिएको थियो। उक्त प्रतियोगितालाई एथलेटिक्स परिवार नेपालको प्राविधिक सहयोग रहेको थियो। २०६६ मा स्थापित पञ्चकन्या जनकल्याण युवा समाजले शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन, संस्कृतिलगायत क्षेत्रमा विभिन्न गतिविधि सञ्चालन गर्दै आएको छ।

**२३औं तिलोत्तमा गोल्डकप**

# संकटालाई हराउँदै एपिएफ फाइनलमा

■ प्रभाव संवाददाता

**बुटवल –** युवराज खड्काले इन्जुरी समयमा गोल गरेसँगै विभागीय टोली एपिएफ क्लब २३औं तिलोत्तमा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

देविनगरस्थित एन्फा टेक्निकल खेलमैदानमा बुधबार सम्पन्न पहिलो सेमिफाइनलमा एपिएफले संकटा क्लबलाई १-० ले हराएको हो।

योसँगै एपिएफले कम्तीमा ६ लाख, ६६ हजार, ६६६ रूपैयाँ पक्का गरेको छ। अब एपिएफले उपाधिका लागि 'ए' डिभिजन लिग च्याम्पियन चर्च ब्वाइज युनाइटेड र मच्छिन्द्र फुटबल क्लबबीचको विजेतासँग खेल्ने पक्का भएको छ। यी दुईबीचको दोस्रो सेमिफाइनल बिहीबार अपरान्ह ४ बजे हुने तय छ।

दुवै टोलीले पहिलो हाफमा केही अवसर बुने पनि सदुपयोग गर्न सकेनन्। दोस्रो हाफको निर्धारित ४५ मिनेटपनि दुवै टोलीले खेर फ्याँकेका थिए। त्यसपछि खेल बराबरी हुँदै टाइब्रेकरउन्मुख भइरहेको थियो। तर, थप गरिएको ६ मिनेटको इन्जुरी समयलाई एपिएफले सदुपयोग गर्‍यो।

९४औं मिनेटमा युवराजले दिएको बललाई सुजन पुलामी एक्लैले पेनाल्टी बक्सनजिक पुर्‍याएर लामो प्रहार गरेका थिए। तर, उक्त प्रहार संकटाका गोलकिपर विशाल केसीले राम्रोसँग नियन्त्रण लिन सकेनन्।

रिबाउन्डमा आएको उक्त बललाई नै युवराजले गोल गर्दै एपिएफलाई अन्तिम समयमा जित दिलाएका हुन्। एपिएफले पहिलो क्वार्टरफाइनलमा आयोजक रूपन्देही-११ लाई १-० ले पराजित गर्दै अन्तिम चारमा स्थान बनाएको हो।

संकटाले भने तेस्रो क्वार्टरफाइनलमा जर्जियन फुटबल क्लब कालिम्पोङ भारतलाई ४-० ले पाखा लगाउँदै एपिएफसँगको भेट पक्का गरेको थियो। खेलको 'म्यान अफ द म्याच' युवराज नै घोषित भए र ११ हजार १११ रूपैयाँ हात पारे।



इन्डोनेसियाको बाली रिसोर्ट टापुस्थित डेनपासारको समुद्री तटमा मेलास्ती समारोहको प्रार्थनामा सहभागी हुन जाँदै गरेका हिन्दू भक्तजनहरू । मेलास्ती एक शुद्धीकरणको पर्व हो जुन मौनताको दिन 'न्यापी'अघि मनाइन्छ, जतिबेला हिन्दू भक्तहरूले काम गर्न, यात्रा गर्न वा कुनै पनि भोगमा भाग लिन पाउँदैनन् । *तस्बिरः एएफपी*

# 'सन् २०३० सम्ममा छ लाख मेट्रिक टन कोक प्लास्टिक फोहोर जलमार्गमा प्रवेश गर्ने'

**वासिङ्टन–** सन् २०३० सम्म कोका-कोलाका उत्पादनहरूले प्रत्येक वर्ष विश्वको महासागर र जल क्षेत्रमा अनुमानित १.३३ अर्ब पाउण्ड (छ लाख दुई हजार मेट्रिक टन) प्लास्टिकजन्य फोहोर प्रवेश गर्ने देखिएको एक गैरनाफामूलक संस्था ओसियानाद्वारा बुधबार सार्वजनिक एक विश्लेषणात्मक अध्ययनले देखाएको छ ।

यो एक करोड ८० लाख ह्वेलको पेट भर्न पर्याप्त हुने प्लास्टिक हो । वैज्ञानिकहरूले क्यान्सर, बाँझोपन, मुटुरोग र अन्य रोगसँग जोडेका माइक्रोप्लास्टिक्स (प्लास्टिकका साना कण)को फैलावटले निम्त्याएको मानव स्वास्थ्य जोखिमबारे बढ्दो चिन्ताका बीच यो रिपोर्ट आएको हो । 'कोका-कोला विश्वमा पेय पदार्थको सबैभन्दा ठूलो उत्पादक र बिक्रेता हो । यसकारण समुद्रको प्रदूषणको चर्चा गर्दा यसको प्रभावबारे छलफल गरिनु वास्तवमा महत्त्वपूर्ण बिषय हुनेछ,' कर्पोरेट प्रदूषकहरूलाई लक्षित गरी ओसियानाको अभियानको नेतृत्व गरेका म्याट लिटलजोनले भने ।



सन् २०२४ मा साइन्स एड्भान्समा प्रकाशित एक अध्ययनअनुसार विश्वको शीर्ष ब्राण्डेड प्लास्टिक प्रदूषकको रूपमा कोका-कोला रहेको छ भने त्यसपछि पेप्सीकोला, नेस्ले, डानोन र अल्ट्रिया छन् । ओसियानाको अनुमान सन् २०१८ देखि २०२३ सम्मको कोका-कोलाको सार्वजनिकरूपमा रिपोर्ट गरिएको प्याकेजिङ डेटामा आधारित छ र यो बिक्री वृद्धिको पूर्वानुमानसँग मिलेर 'व्यवसाय-जस्तै-सामान्य' परिदृश्य सिर्जना गर्दछ । परिणामः कम्पनीको प्लास्टिक प्रयोग २०३० सम्ममा वार्षिक ४.१३ मिलियन मेट्रिक टन (९.१२ बिलियन पाउण्ड) भन्दा बढी हुने अनुमान गरिएको छ ।

उक्त प्लास्टिकको कति भाग जलीय पारिस्थितिक प्रणालीमा पुग्ने छ भन्ने अनुमान गर्न अनुसन्धानकर्ताहरूले वैज्ञानिकहरूको एक अन्तर्राष्ट्रिय टोलीले विकास गरेको र सहकर्मी-समीक्षा विधि प्रयोग गरी सन् २०२० मा एकेडेमिक जर्नल साइन्समा प्रकाशित १.३३ अर्ब पाउण्डको अनुमान गरेका थिए । यो लगभग २२० अर्ब आधा लिटर बोतलबराबर हो ।

ओसियानाले यो आश्चर्यजनक आकृतिलाई कम गर्नका लागि स्पष्ट समाधानका रूपमा पुनः प्रयोज्य प्याकेजिङ सामान फिर्ता ल्याउनु नै रहेको ठहर गर्छ । ती चाहे पुनः प्रयोग गर्न सकिने ग्लास बोतल होस् या प्लास्टिक बोतल । सामान्यतया ग्लास बोतललाई ५० पटक पुनः प्रयोग गर्न सकिन्छ भने मोटा पेट प्लास्टिक कन्टेनर (बोतल)लाई पुनः २५ पटक प्रयोग गर्न सकिनेगरी बनाइएको हुन्छ ।

### पुनः उपयोग प्रतिज्ञाबाट टाढा हुँदै

कोका-कोला स्वयंले सन् २०२२ मा पुनः प्रयोज्य प्याकेजिङ 'फोहोर कम गर्ने सबैभन्दा प्रभावकारी तरिकाहरूमध्ये एक' भएको स्वीकार गरेको थियो र सन् २०३० सम्ममा २५ प्रतिशत पुनः प्रयोगयोग्य प्याकेजिङ पुऱ्याउने लक्ष्यमा प्रतिबद्ध थियो । डिसेम्बर २०२४ मा जारी गरिएको यसको नवीनतम् स्थिरतासम्बन्धी मार्गदर्शनमा त्यो प्रतिज्ञालाई सुटुक्क हटाइएको छ ।

कम्पनीको अद्यावधिक लक्ष्यहरूमा पुनः प्रयोज्य प्याकेजिङको सट्टा पुनःनवीनीकरण सामग्रीको प्रयोग र संकलन दरहरू बढाउनमा ध्यान केन्द्रित गरेको छ । यसले सोडा बोतलहरूको पुनः प्रयोग वा प्रशोधन र उपभोक्ताको बानी परिवर्तन महत्त्वपूर्ण चुनौती भएकोतर्फ जोड दिएको छ ।

पर्यावरणीय पक्षधरहरूले यसले प्रायः संकटको जडलाई सम्बोधन गर्नुको सट्टा उपभोक्ताहरूलाई दोष दिने काम गरेको भन्दै लामो समयदेखि पुनः प्रयोग वा प्रशोधनमा अति निर्भरताविरुद्ध चेतावनी दिँदै आएका छन् । 'पुन प्रयोग गर्ने तरिका राम्रो हो, मलाई गलत नठान्नुहोस्,' लिटलजोनले भने, 'तर यदि तपाईं अधिक एकल-प्रयोग प्लास्टिक उत्पादन गर्ने र पुनःनवीनीकरणमा प्लास्टिक प्रयोग गर्न जाँदै हुनुहुन्छ भने यो एक समस्या हो ।'

प्लास्टिक उत्पादन तेलमा निर्भर गर्दछ र यसले कर्पोरेट प्लास्टिक प्रयोगलाई जलवायु परिवर्तनको प्रत्यक्ष चालक बनाउँदछ । तैपनि, आशा गर्न लायक कारण के छ भने कोका-कोलाले ब्राजिल, जर्मनी, नाइजेरिया र दक्षिणी टेक्सासजस्ता संयुक्त राज्य अमेरिकाका केही भागहरूमासमेत ठूलो मात्रामा रिफिलेबल प्रणालीहरू सञ्चालन गरिसकेको छ । 'तिनीहरूसँग कुनै पनि पेय कम्पनीको सबैभन्दा ठूलो पुनः प्रयोज्य पूर्वाधार छ, र उनीहरूसँग यसलाई बढाउन र बाँकी उद्योगको लागि बाटो देखाउने क्षमता छ,' लिटलजोनले भने ।

कोका-कोलाका प्रवक्ताले एएफपीसँगको कुराकानीमा भने, 'कम्पनीको प्रयास हाल अधिक रिसाइकल गरिएका सामग्रीहरू प्रयोग गर्न र संकलन प्रणालीमा सुधार गर्नमा केन्द्रित छ । हामी लगानी गरिरहेका छौं र हाम्रो पुनः भर्ने प्याकेजिङ विकल्पहरू विस्तार गर्न प्रतिबद्ध छौं र यो काम हाम्रो उपभोक्ता केन्द्रित रणनीतिको भागको रूपमा जारी रहने छ । *रासस/एएफपी*

# थाई प्रधानमन्त्रीलाई विश्वासको मत



**बैंकक–** थाइल्याण्डकी प्रधानमन्त्री पेटोंटार्न सिनावात्राले संसद्मा विश्वासको मत प्राप्त गरेकी छन् । संसद्मा विपक्षी दलहरूले उनीमाथि उनका अर्बपति पिता एवं पूर्वप्रधानमन्त्री थाकसिन सिनावात्राको कठपुतली भएको आरोप लगाएका थिए । दुई दिनसम्म चलेको चर्को बहसपछि अविश्वास प्रस्तावमा सांसदहरूले सात अनुपस्थितिका साथ १६२ का विरूद्ध ३१९ मतले विश्वासको पक्षमा मतदान गरेकी थिइन् । विपक्षीले ३८ वर्षीया पेटोङटार्नको देशको व्यवस्थापन र उनको अनुभवहीनतामाथि आक्रमण गरेको थियो ।

मतदान जितेपछि पेटोङटार्नले आफ्ना समर्थकहरूलाई धन्यवाद दिइन् । 'पक्ष र विपक्षमा सबै मत मलाई र मन्त्रिपरिषद्लाई जनताका लागि कडा मिहेनत गर्न उत्प्रेरित गर्ने शक्ति हुने छ,' उनले फेसबुकमा लेखिन् । आधुनिक थाई राजनीतिका सबैभन्दा प्रभावशाली तर विवादास्पद नेता थाकसिन १५ वर्षको स्व-निर्वासनपछि सन् २०२३ मा देश फर्किएका थिए ।

उनले ऐतिहासिक भ्रष्टाचार र शक्तिको दुरूपयोगको आरोपमा प्रहरी अस्पतालमा आठ वर्षको जेल सजायको केही महिना बिताएपछि राजाद्वारा क्षमादान पाए । यसले उनलाई सहजै व्यवहार गरिएको अफवाह फैलायो ।

सन् २००१-२००६ शासनअन्तर्गत ७५ वर्षीय थाकसिन समृद्ध लाखौं गरिब थाईबीच अझै पनि लोकप्रिय छन् तर उनलाई भ्रष्ट र चतुर मान्ने राज्यको रूढीवादी शीर्ष वर्गले तिरस्कार गरेको छ । पूर्वप्रधानमन्त्री श्रेत्था थाविसिनलाई अदालती आदेशद्वारा हटाइएपछि थाक्सिनले स्थापना गरेको राजनीतिक आन्दोलनको पछिल्लो रूप फेउ थाई पार्टीको नेतृत्वमा रहेको गठबन्धन सरकारको नेतृत्वमा पेटोङटार्न गत वर्ष प्रधानमन्त्री बनिन् ।

चर्चा अवधिमा मुख्य विपक्षी पिपुल्स पार्टीका सांसद रंसिमान रोमले पेटोङटार्नमाथि आफ्ना पितालाई विशेष व्यवहार गरेको आरोप लगाए । 'तपाईंले आफ्नो बुबाको अवस्था अन्य कैदीहरूभन्दा राम्रो बनाउनका लागि एउटा राक्षसी सम्झौता गर्नुभयो,' उनले संसद्मा भने, 'सर्त के थियो भने तपाईंका बुबा एक दिन पनि जेलमा बस्नु हुने छैन ।'

आफू प्रधानमन्त्री बन्नुभन्दा केही महिनाअघि मात्र आफ्ना पिताले राजकीय क्षमादान पाएको औंल्याउँदै पेटोङटार्नले उक्त आरोपलाई अस्वीकार गरिन् । विपक्षी सांसदहरूले पेटोङटार्नमाथि कर चुहावट र गत महिनाको अन्त्यमा चीनलाई पठाइएका ४० उइगुर मुद्दालाई गलत तरिकाले सम्हालेको आरोप लगाए । उइगुरहरूको स्वदेश फिर्तीले अन्तर्राष्ट्रिय निन्दा निम्त्यायो र वासिङ्टनले केही थाई अधिकारीमाथि भिसा प्रतिबन्ध लगायो । *रासस/एएफपी*

# दक्षिण कोरियाली विपक्षी नेतालाई सफाइ

**सियोल–** दक्षिण कोरियाली विपक्षी नेता ली जे-म्युङलाई निर्वाचन कानुन उल्लंघन गरेको अभियोगमा बुधबार अदालतले सफाइ दिएको छ । प्रमुख विपक्षी दल डेमोक्रयाटिक पार्टीका नेता लीले गत राष्ट्रपतीय चुनाव प्रचार अभियानका क्रममा कुनै पनि गलत बयान नदिएको ठहर गर्दै सियोल उच्च अदालतले तल्लो अदालतको आदेशलाई उल्टयाएको हो ।



सन् २०२२ को राष्ट्रपतीय चुनावका क्रममा गलत सूचना सम्प्रेषण गरेको आरोपमा गत नोभेम्बरमा सियोल केन्द्रीय जिल्ला अदालतले लीलाई एक वर्षको जेल सजाय सुनाएको थियो । अभियोजकहरूले लीलाई पहिलो र पुनरावेदनको सुनुवाइमा दुई वर्षको जेल सजायको माग गरेका थिए । सफाइ पाएसँगै नेता लीले निर्वाचन कानुन उल्लंघनको मुद्दामा अदालतले आफूलाई सफाइ दिएकोमा अदालतप्रति आभार प्रकट गरेका छन् । 'सत्य र न्यायमा आधारित ठोस निर्णय गरेकोमा म अदालतप्रति आभारी छु,' लीले अदालत बाहिर उत्साही समर्थकहरूको अगाडि भने ।

'सरकारले ममाथि मुद्दा चलाउने प्रयासमा 'सार्वजनिक स्रोतहरूको दुरूपयोग' गरेको र मविरूद्ध झूटा मुद्दा चलाएको पुष्टि भएको छ,' उनले भने । आगामी दिनमा कोरियाली जनताको हितमा आफूलाई समर्पित गर्दै सत्यको पक्षमा निरन्तर लड्ने उनले बताए । *रासस/एएफपी*

# सार्वजनिक खर्चमा अर्बौं पाउण्ड कटौती गर्दै बेलायत

**लण्डन–** बेलायतकी अर्थमन्त्री र्याचेल रिभ्सले बुधबार सरकारको बसन्त योजना (स्प्रिङ स्टेटमेन्ट)मा अर्बौं पाउण्ड खर्च कटौतीको विवरण दिने भएकी छन् । गत जुलाईमा भारी मतान्तरले चुनाव जितेपछि निर्वाचित लेबर सरकारले सुस्त आर्थिक वृद्धि र बढ्दो ऋणको लागतको सामना गरिरहेको बेला खर्च अद्यावधिक गर्न लागिएको हो ।

बेलायतको वार्षिक मुद्रास्फीति दर फेब्रुअरीमा घटेर २.८ प्रतिशतमा झरेको छ, जुन जनवरीमा ३.० प्रतिशत रहेको राष्ट्रिय तथ्यांक कार्यालयले जनाएको छ । तर मन्दीको बावजुद मुद्रास्फीति बैंक अफ इङ्ल्याण्डको दुई प्रतिशतको लक्ष्यभन्दा माथि रहेको छ । केन्द्रीय बैंकले 'आर्थिक अनिश्चितता'को चेतावनी दिँदै गत साता ब्याजदरमा कुनै परिवर्तन नगरिएको जनाएको थियो । रिभ्सले अक्टोबरमा आफ्नो पहिलो बजेटपछि 'संसार परिवर्तन भएको' चेतावनी दिएकी थिइन् । अमेरिकी कर र युक्रेनको युद्धलाई लिएर विश्वव्यापी अनिश्चितताले बेलायतको आर्थिक संकटलाई थप बढाएको छ, जसले लेबर सरकारको ९.९ बिलियन पाउण्ड (१२.८ बिलियन डलर) को संकटकालीन कोषको चिन्तालाई बढाएको छ ।

प्रधानमन्त्री केइर स्टार्मरले हालैमात्र रक्षा क्षेत्रमा खर्च बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् भने सरकारले आगामी वर्ष २.२ अर्ब पाउण्डको वृद्धि गर्ने घोषणा गरेको छ ।

'यो क्षणले बेलायतको भविष्य सुरक्षित गर्न सक्रिय सरकारको माग गर्दछ,' रिभ्सले आर्थिक योजनाको अद्यावधिक गर्नुअघि एक प्रेस विज्ञप्ति जारी गर्दै भनिन् । सार्वजनिक वित्तमाथि कडा अनुशासनको वकालत गर्ने रिभ्सले बुधबारको बहुप्रतिक्षित अपडेटमा कल्याणकारी भुक्तानी र सरकारी विभागीय बजेटमा कटौतीको विस्तृत विवरण दिन तयार छिन् ।

### उदास दृष्टिकोण

देशको खर्च निगरानी संस्था 'अफिस फर बजेट रेस्पोन्सिबिलिटी'को एक पूर्वानुमानले बेलायतको अर्थतन्त्रको परिदृश्यको निराशाजनक तस्बिर चित्रित गर्ने अपेक्षा गरिएको छ । 'वेल्थ म्यानेजमेन्ट फर्म क्विल्टर'का लगानी रणनीतिकार लिण्डसे जेम्सले भने, 'चान्सलरले आज बेलायती अर्थव्यवस्थाको डरलाई कम गर्न मद्दत गर्ने धेरै योजना घोषणा गर्ने सम्भावना छैन ।' उनले भने, 'आर्थिक वृद्धिदर न्यून छ र जोखिम पनि पछाडि धकेलिएको छ ।'

सार्वजनिक ढुकुटीलाई किनारा लगाउने रिभ्सको प्रयासहरू उनको आफ्नै वित्तीय नियम र करहरू नबढाउने उनको प्रतिज्ञाद्वारा सीमित छन्, जसले खर्च कटौतीको सम्भावना बढाउँछ । नियमले उनलाई दैनिक खर्चका लागि ऋण लिनबाट रोक्छ र सन् २०२९-२०३० सम्ममा कूल गार्हस्थ उत्पादनको हिस्साको रूपमा ऋण घटाउन आह्वान गर्दछ ।

सरकारले आगामी पाँच वर्षमा सरकार सञ्चालन खर्चमा १५ प्रतिशतले कटौती गर्ने घोषणा गरिसकेको छ र यसले बेलायतको निजामती सेवामा वार्षिक दुई अर्ब पाउण्डभन्दा बढी बचत गर्ने लक्ष्य राखेको छ । यस दशकको अन्त्यसम्ममा वार्षिक पाँच अर्ब पाउण्डभन्दा बढी बचत गर्ने आशामा यसले अशक्तता कल्याण भुक्तानीमा प्रतिस्पर्धात्मक कटौतीको पनि घोषणा गरेको छ ।

आवास, राष्ट्रिय स्वास्थ्य सेवा, र कामदारहरूको अधिकारमा सुधारको लागि संघर्षरत लेबरले पार्टी नेतृत्वको सरकारले वित्तपोषणको वृद्धिमा जोड दिएको छ । लेबर पार्टीले गत वर्ष लाखौं पेन्सनभोगीका लागि शीतकालीन इन्धन लाभ योजना खारेज गरेपछि यस कटौतीको थप आलोचना भएको छ । यो अद्यावधिक अप्रिलमा लागू हुने लेबरको उद्घाटन बजेटमा घोषणा गरिएको व्यापार कर वृद्धिको अघि पनि आएको छ । व्यवसायहरूले कर वृद्धिको कडा आलोचना गर्दै रोजगारी र ज्यालामा प्रतिकूल प्रभावको बारेमा चेतावनी दिएका छन् । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १७३५०० | प्रति तोला – ० | प्रति तोला – १९९० |

# आशा र विश्वास जगाउँदै 'पोखरा–छेन्दु' अन्तर्राष्ट्रिय उडान




**गण्डकी–** पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट यही चैत ५ गते चीनको सिचुवान प्रान्त छेन्दुमा गरिएको पहिलो व्यावसायिक चार्टर्ड उडानसँगै चीनका सहरमा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न भएको छ ।

लामो समयदेखि पोखरेली जनसमुदायको माग तथा सरकारी र निजी क्षेत्रको संयुक्त प्रयासबाट सञ्चालनमा आएको पोखरा अन्तरराष्ट्रिय विमानस्थल उद्घाटन भएको दुई वर्षसम्म पनि नियमित अन्तरराष्ट्रिय उडान हुन सकेको थिएन । पहिलो उडानको साक्षी बन्दै छेन्दु पुगेका १२६ सदस्यीय टोलीले विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम गरी मंगलबार फर्किएको छ ।

पोखरा पर्यटन परिषद्को आयोजना एवं पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड, सिचुवान एयरलाइन्स र नेपालस्थित चाइनीज एसोसिएसनसँगको सहकार्यमा गरिएको ऐतिहासिक उडानका साथै नेपाल पर्यटन बोर्डको आयोजनामा छेन्दु र छोङछिङमा गरिएका विटुबी, सेल्समिसनलगायतका प्रवर्द्धनात्मक कार्यक्रमले ठूलो आशा एवं विश्वास जगाएको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले बताए । पोखरा–छेन्दु उडानलाई नियमित गर्ने उद्देश्यका साथ सिचुवान एयरलायन्सले चार्टर्ड उडान सुरु गरेको छ । पहिलो उडानका क्रममा त्यहाँका सरकारी निकायका प्रतिनिधि, चिनियाँ पर्यटन व्यवसायीसँग गरिएका छलफल एवं बिटुबी, सेल्स मिसन आदिले आगामी दिनमा अन्तरराष्ट्रिय उडानले निरन्तरता पाउने विश्वाससँगै उत्साह जगाएको अध्यक्ष पहारीले उल्लेख गरे ।

'उडानलाई निरन्तरता दिनुपर्छ भन्ने कुरामा चिनियाँ प्रतिनिधिमण्डल सक्रियताका साथ लागेको पायौँ', उनले भने, 'दुई देशबीचको पर्यटकीय साझेदारी बढाउने कुरामा दुवै पक्षबीच महत्त्वपूर्ण छलफल एवं अन्तरक्रिया भएका छन् ।'

चीनको सिचुवान प्रान्तमा मात्रै नौ करोड जनसङ्ख्या रहेकामा छेन्दु र छोङछिङबाट अधिकतम पर्यटकहरू घुम्न निस्कने गरेको उनले जानकारी गराए । कार्यक्रममा नेपाल पर्यटन बोर्डको आयोजनामा छेन्दु र छोङछिङमा गरिएको बिटुबी र सेल्समिसन भव्यताका साथ सम्पन्न भएको बोर्डका गण्डकी प्रदेश कार्यालय प्रमुख मणिराज लामिछानेले जानकारी दिए ।

'यो कार्यक्रमसँगै चीन केबल काठमाडौँबाट मात्र नभई पोखराबाट पनि जोडिएको छ', उनले भने, 'काठमाडौँबाहेकका गन्तव्यबाट चीन जोडिएको छ भन्ने सन्देशसँगै पोखरा धेरै चीनका सहरसँग मैत्रीपूर्ण सम्बन्ध भएको सहर भएको र यहाँबाट सिधै उडान सुरु भएको सन्देश मितेरी सहरहरूमा पुगेको छ ।'

काठमाडौँमा मात्र नभई पोखरा र भैरहवा अन्तरराष्ट्रिय विमानस्थल समेत रहेको जानकारी दिँदै उनले पोखरामा विमानस्थलबाट गरिएको छेन्दुको सीधा उडानले काठमाडौँबाहेकका विमानस्थलको अन्तरराष्ट्रिय बजारमा जानकारी गराएको बताए ।

उनका अनुसार पहिलो व्यावसायिक उडानका क्रममा बोर्डको आयोजनामा गरिएका छेन्दु र छोङछिङका कार्यक्रम पोखराको पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण बनेका छन् । बोर्डले यस अघि छेन्दुमा प्रवर्द्धनात्मक कार्यक्रम गरिएको भए पनि छोङछिङमा पहिलोपटक कार्यक्रम गरेको हो । यी दुवै कार्यक्रमको त्यहाँस्थित चिनियाँ सञ्चारमाध्यमले प्राथमिकताका साथ समाचार सम्प्रेषण गरेका थिए ।

नेपालमा सन् २०१९ मा एक लाख ६९ हजार ५४३ जना चिनियाँ पर्यटक आएकामा त्यसपछि कोभिड-१९ का कारण सो सङ्ख्या घटेर सन् २०२० मा १९ हजार २५७ पुगेको थियो । त्यसपछि सन् २०२१ मा छ हजार १९८, सन् २०२२ मा नौ हजार ५९९ जना चिनियाँ पर्यटक नेपाल आएका थिए ।

कोभिड १९सँगै आफ्ना नागरिकलाई बाहिरी राष्ट्रमा घुमफिरका लागि रोक लगाएकोमा सन् २०२३ मार्चबाट नेपाल भ्रमण गर्न खुला गरेको थियो । त्यस वर्ष ६० हजार ८७८ जना चिनियाँ पर्यटक नेपाल भित्रिएका थिए । सन् २०२४ मा नेपालमा चिनियाँ पर्यटकको संख्या एक लाख एक हजार ८७९ जना पुगेको कार्यालय प्रमुख लामिछानेले जानकारी दिए । *रासस*

# नेपालमा लगानी गर्न भारतीय लगानीकर्तालाई आग्रह

■ प्रभाव संवाददाता




**काठमाडौं–** स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले भारतीय लगानीकर्तालाई नेपालमा लगानी गर्न आग्रह गरेका छन् । नयाँ दिल्लीमा बुधबार भएको 'नेपाल-भारत इनर्जी समिटमा' बोल्दै इप्पान अध्यक्ष कार्कीले भारतीय लगानीकर्तालाई लगानीको सुरक्षा र प्रतिफलको ग्यारेन्टी रहेकाले ढुक्कसाथ लगानी गर्न आग्रह गरेका हुन् ।

'नेपाल सरकारले सन् २०३५ सम्ममा २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन पुऱ्याउने महत्वाकांक्षी लक्ष्य लिएको छ । त्यसका लागि ४६.५ अर्ब डलर लगानी आवश्यक रहेकाले नेपालमा लगानीको सुनौलो अवसर छ', कार्कीले भने । नेपाल लगानी बोर्डले गरेको प्रारम्भिक अध्ययनअनुसार, नेपालको सौर्य ऊर्जा उत्पादन क्षमता ४.३२ गिगावाटभन्दा बढी रहेकाले सौर्य ऊर्जामा पनि भारतीय लगानीकर्ताले लगानी गर्न सक्ने उनको भनाइ छ ।

नेपाल आदानी समूह, टाटा पावर, जिन्दल पावर, जिएमआर समूह, एसजेभीएन लिमिटेड, एनएचपिसीजस्ता प्रमुख भारतीय व्यापारिक घरानाहरूसँग साझेदारी गर्न इच्छुक रहेको उनले जानकारी गराए ।

इप्पान उपाध्यक्ष आनन्द चौधरीले नेपालमा तीन हजार ५०० मेगावाट विद्युत् उत्पादन भइरहेकामा चार हजार मेगावाट बराबरका आयोजना निर्माणाधीन रहेको, चार हजार १०० मेगावाट क्षमताका आयोजना विद्युत् खरिद बिक्री सम्झौता (पिपीए) गरेर वित्तीय व्यवस्थापनको पर्खाइमा रहेको र करिब २० हजार मेगावाट क्षमताका आयोजना अध्ययनको चरणमा रहेको बताए ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव चिरञ्जीवी चटौतले सरकारले अघि सारेको २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन लक्ष्य प्राप्तिका लागि मन्त्रालयले सहजीकरण गर्ने हुँदा ढुक्कसँग लगानी गर्न आग्रह गरे ।

'जलविद्युत् र नवीकरणीय ऊर्जा क्षेत्रमा लगानीका अवसरको खोजी' भन्ने नारासहित नेपाली राजदूतावास भारत र भारतीय हरित ऊर्जा महासंघको आयोजना तथा इप्पानको संस्थागत सहभागितामा उक्त सम्मेलन भएको इप्पानले जनाएको छ ।

## टेलिकमको एसइई अफर

**काठमाडौं (प्रस)–** नेपाल टेलिकमले २०८१ सालको एसईईमा सहभागी परीक्षार्थीहरूका लागि एसईई अफर उपलब्ध गराउने घोषणा गरेको छ । यस अन्तर्गत कम्पनीले एसईई परीक्षा दिएका परीक्षार्थीहरूलाई २० रूपैयाँमा सिमकार्ड उपलब्ध गराउने छ । त्यसमा बोनस अन रिचार्ज पनि उपलब्ध हुनेछ । एसईई अफर तथा बोनस अन रिचार्ज चैत १५ देखि २०८२ असार ३० गतेसम्म उपलब्ध हुने प्रवक्ता हरि ढकालले विज्ञप्तिमा मार्फत् जनाए ।

# आठ महिनामा ५६ अर्ब बराबरको खाने तेल निर्यात

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले पछिल्लो आठ महिनामा करिब ५६ अर्ब बराबरको खानेतेल निर्यात गरेको छ । विदेशबाट कच्चा पदार्थ आयात गर्ने र नेपालमा प्रशोधन गरी मूल्य अभिवृद्धि गरेर खानेतेल बेच्दा निर्यात उल्लेख्य रूपमा बढेको हो ।

भन्सार विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्षको फागुन मसान्तसम्मको वैदेशिक व्यापारको तथ्यांकअनुसार गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यसवर्ष आयात ११ दशमलव २० र निर्यात ५७ दशमलव २० प्रतिशतले बढेको छ । अर्थात् गतवर्षको तुलनामा यसवर्ष नेपालको निर्यातमा खानेतेलको निकै ठूलो हिस्सा देखिएको छ । पछिल्लो आठ महिनामा रू एक खर्ब ५८ अर्बको निर्यात गर्दा नेपालले रू ४७ अर्ब ९४ करोड ६६ लाख बराबरको भटमास (सोयाबिन) तेल मात्रै निर्यात गरेको छ । त्यस्तै, रू सात अर्ब ९८ करोड २३ लाख बराबरको सूर्यमुखी तेल, रू पाँच अर्ब ८३ करोड ७३ लाखको अलैंची, रू चार अर्ब ३२ करोड ३९ लाखको कार्पेट निर्यात भएको छ ।

विभागका अनुसार चालु आवको दोस्रो चौमासिक अवधिसम्म मुलुकले कुल रू १३ खर्ब तीन अर्ब ७३ करोड ८६ लाख बराबरको वैदेशिक व्यापार गर्दा रू नौ खर्ब ८७ अर्ब ३९ करोड ३८ लाखको घाटा बेहोरेको छ । पछिल्लो आठ महिनामा रू ११ खर्ब ४५ अर्ब ५६ करोड ६२ लाख बराबरको वस्तु आयात भएको छ भने रू एक खर्ब ५८ अर्ब १७ करोड २४ लाख बराबरको निर्यात भएको छ ।

छिमेकी मुलुक भारतसँग मात्र नेपालले आठ महिनामा रू पाँच खर्ब ६३ अर्ब ६७ करोडको व्यापार घाटा बेहोरेको छ । गत साउनदेखि फागुनसम्म भारतबाट रू छ खर्ब ८८ अर्ब ६८ करोडको आयात हुँदा रू एक खर्ब २५ अर्ब बराबरको निर्यात भएको छ । चीनसँग रू दुई खर्ब १९ अर्ब १८ करोडको आयात र रू दुई अर्ब १२ करोडको निर्यात हुँदा रू २१ अर्ब ७० करोडको व्यापार घाटा बेहोरेको छ । साथै अर्जेन्टिना, युक्रेन, युनाईटेड अरब ईमिरेट्स, अस्ट्रेलियालगायतका मुलुकहरूसँग नेपालको व्यापारघाटा उच्च छ । उक्त अवधिमा ३४ वटा मुलुकसँगको व्यापारमा नेपाल नाफामा छ । अफगानिस्तान, डेनमार्क, रसिया, अस्ट्रिया, माल्दिभ्सलगायतका मुलुकसँगको वैदेशिक व्यापारमा नेपाललाई नाफा छ ।

उक्त अवधिमा पेट्रोलियम पदार्थको आयात उच्च छ । पछिल्ला आठ महिनामा नेपालले रू ७८ अर्ब ८६ करोड ३७ लाखको डिजेल, रू ४२ अर्ब ८० करोड १७ लाखको पेट्रोल र रू ४१ अर्ब बराबरको एलपी ग्यास आयात गरेका छ । त्यस्तै, रू नौ अर्ब ६९ करोड २२ लाख बराबरको विद्युतीय सवारीसाधन र रू दुई अर्ब ११ करोड बराबरको अन्य सवारीसाधन आयात भएको छ । यो अवधिमा रू २१ अर्ब ९१ करोड ८३ लाख बराबरको १४ लाख सात हजार ७८ वटा स्मार्टफोन आयात भएको पनि विभागको तथ्यांक छ ।

## कर्पोरेट

### लक्ष्मी स्टिल्स र एनआइबिएल इक्विटीबीच लगानी सम्झौता



**काठमाडौं (प्रस)–** एनआइएमबि एस क्यापिटलद्वारा सञ्चालित एनआईबिएल इक्विटी पार्टनर्सले लक्ष्मी स्टील्स लिमिटेडमा लगानी सम्बन्धी सम्झौता भएको छ ।

उक्त सम्झौतामा एनआइएमबि एस क्यापिटलका अध्यक्ष सचिन टिवडेवाल र लक्ष्मी स्टील्सका निर्देशक बिमल कुमार सावरथिया बीचमा हस्ताक्षर भएको हो । यस साझेदारीले लक्ष्मी स्टील्सको उत्पादन क्षमता तथा बजार विस्तारलाई तीव्रता दिनको लागि थप मद्दत गर्नेछ ।

एनआईबिएल इक्विटी पार्टनर्स र लक्ष्मी स्टील्स लिमिटेडबीचको यो साझेदारी नेपालको औद्योगिक क्षेत्रका विकासको लागि एक महत्वपूर्ण कदम हो । वित्तीय विशेषज्ञता र उत्पादन क्षमताको संयोजन गर्दै यो साझेदारीले सरोकारवालाहरूलाई दीर्घकालिन फाइदा पुऱ्याउन र देशको पूर्वाधार लक्ष्यहरूलाई अगाडि बढाउने उद्देश्य राखेको छ ।

### सिटी एक्सप्रेसको उपहार हस्तान्तरण




**काठमाडौं (प्रस)–** सिटी एक्सप्रेस मनि ट्रान्सफरले विभिन्न योजनाअन्तर्गतको उपहार हस्तान्तरण गरेको छ । कमलादीस्थित केन्द्रीय कार्यालयमा '१८औं वर्षमा १८ गुणा , परिवारमा खुशी लाखौ गुणा' योजनाको उपहार हस्तान्तरण कार्यक्रम सम्पन्न गरेको हो ।

कोरियाबाट निराजन ढकालले जि मनि ट्रान्समार्फत यहाँ सिटी एक्सप्रेसमा आमा निर्मला तिवारीलाई रेमिटान्स पठाउँदा उक्त योजना अन्तर्गत आफुले पठाएको रकमको १८ गुणा गरी रु ७,५४,३६२ जित्न सफल भएका थिए र सोही रकम उन्की आमा निर्मला तिवारीलाई हस्तान्तरण गरिएको छ । उक्त कार्यक्रममा नेपाली चर्चीत हास्य कलाकार साथै सिटी एक्सप्रेस मनि ट्रान्सफरका ब्राण्ड एम्बेसडर जितु नेपालको उपस्थिती रहेको थियो ।

सोही योजना अन्तर्गत लक्की ड्र मार्फत विभिन्न उपहारहरूका विजेता छानिएका थिए । साथै सोही कार्यक्रममा सिटी एक्सप्रेस मनि ट्रान्सफरले २०८२ सालको क्यालेन्डर पनि सार्वजनिक गरेको छ । हरेक बर्ष नयाँ नयाँ बिषय वस्तुलाई समावेश गरेर क्यालेन्डर प्रकाशन गर्ने सिटी एक्सप्रेसले यस बर्ष भने आर्थिक सम्बृद्धीको बिषय वस्तुमा क्यालेन्डर तयार पारेको छ ।

### सिद्धार्थ बैंकको 'ग्लोबल मनी विक' अभियान




**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक लिमिटेडले ग्लोबल मनी विकमा विभिन्न कार्यक्रमको आयोजना गरेको छ । बैंकले विद्यार्थीहरूलाई वित्तीय शिक्षा प्रदान गरी आर्थिक रूपमा सचेत र सशक्त बनाउने उद्देश्यले २०२५ मार्च १७ देखि २३ गतेसम्म सप्ताहव्यापी रूपमा मनाइएको विकको अवसर पारी विभिन्न कार्यक्रमहरू सम्पन्न गरेको हो ।

यस वर्षको ग्लोबल मनी विक २०२५ को नारालाई सार्थक बनाउने प्रयास स्वरूप बैंकले देशका सातै प्रदेशमा विद्यालय एवं क्याम्पस गरी २४ स्थानहरूमा विद्यार्थी लक्षित वित्तीय साक्षरता कार्यक्रमहरू सञ्चालन गरिएको थियो । बैंकले प्रदान गर्ने सेवा, डिजिटल कारोबार र यसमा अपनाउनुपर्ने सावधानीका विषयमा सचेत गराई विद्यार्थीहरूमा वित्तिय ज्ञान, सीप, मनोवृत्ति तथा व्यवहारमा सुधार ल्याउने उद्देश्यले सञ्चालन गरिएको सो कार्यक्रममा १,२१२ जना विद्यार्थीहरूको सहभागीता रहेको थियो ।साथै, विद्यार्थीहरूलाई बैंकको आधारभूत बैकिंग सञ्चालन र विभिन्न बैंकिंग माध्यमहरू सम्बन्धी व्यवहारिक रूपमा शिक्षा प्रदान गर्ने उद्देश्यले ४४८ जना विद्यार्थीहरूलाई बैंकको विभिन्न शाखामा भ्रमण कार्यक्रम पनि आयोजना गरिएको थियो । यस सप्ताहव्यापी रूपमा मनाइएको विकमा बैंकले कुल ३८ कार्यक्रम मार्फत १,६६० विद्यार्थीहरूलाई वित्तीय शिक्षा प्रदान गरेको थियो ।

बैंकले देशका सम्पूर्ण व्यक्तिमा वित्तीय सेवाको पहुँच पुऱ्याउने र हरेक वर्ग र क्षेत्रका मानिसलाई वित्तीय चेतना प्रदान गरी वित्तीय सशक्तीकरण गर्ने उद्देश्यले सो कार्यक्रमहरू सञ्चालन गरेको हो । उक्त कार्यक्रमहरूबाट वित्तीय शिक्षाको महत्वका बारेमा जागरण ल्याउने हेतुले वार्षिक रूपमा मनाइने साप्ताहिक अन्तर्राष्ट्रिय अभियान विकको उद्देश्यहरूलाई प्राप्त गर्न मद्दत पुगेको विश्वास बैंकले लिएको छ ।

सहकारीका विश्वव्यापी सिद्धान्त

- स्वेच्छिक तथा खुला सदस्यता,
- सदस्यहरुद्वारा लोकतान्त्रिक नियन्त्रण,
- सदस्यहरुको आर्थिक सहभागिता,
- स्वायत्तता र स्वतन्त्रता,
- सहकारी शिक्षा, तालिम र सूचना,
- सहकारी-सहकारीबीच पारस्परिक सहयोग,
- समुदायप्रतिको चासो ।

सहकारी सिद्धान्तको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ